सप्तकोशी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः- ७ संख्याः ३ मितिः २०८२ साल

भाग- १

सप्तकोशी नगरपालिका

# सप्तकोशी नगरपालिकाको जेबार, माँइन्जन ऐन, २०८२

आज्ञाले,

नामः पुरुषोत्तम ढकाल

प्रमुख प्रशासकीय अधिकृत

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम २०८२ साल आषाढ ३२ गते सप्तकोशी नगरपालिकाको नगर सभाले पारित गरी नगर प्रमुखबाट प्रमाणीकरण गरिएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः**

थारु जातिको जेबार, माँइन्जन सम्बन्धी प्रथाजनित प्रणालीका माध्यमबाट सप्तकोशी नगरपालिका क्षेत्रमा बसोवास गर्ने सम्पूर्ण आदिवासी थारु जातिको प्रथा-परम्परा, परम्परागत ज्ञान, प्रथाजनित वा प्रथाजन्य अभ्यास, रीतिरिवाज, चालचलन, रहन-सहन, पहिरन, भेषभूषा, पेशा, लिपि, भाषा, धर्म, कला वा ललितकला, संस्कृति लगायत थारु जातिको सम्पूर्ण क्रियाकलापहरूका साथै सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, प्राविधिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक, आध्यात्मिक, नैतिक, ऐतिहासिक हक-अधिकारको संरक्षण, संवर्द्धन, प्रवर्द्धन, जगेर्ना र विकास गर्दै खोज-अनुसन्धान समेत गरी अभिलेखीकरण गर्न र सम्पूर्ण थारु जाति एवं समुदाय शारीरिक, मानसिक, वैचारिक र सांगठनिक रूपमा सचेत हुँदै; आफ्नै सामाजिक तथा प्रथाजनित सामुदायिक संस्थामा सँगठित हुँदै एकसूत्रमा एकताबद्ध भई थारु जातिको हकहित र अधिकारको संरक्षण, संवर्द्धन र विकास गर्दै आफ्नो समुदाय एवं नगरपालिका क्षेत्र र समग्र राष्ट्रको विकासमा समेत टेवा पुऱ्याउने उद्देश्यले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरराष्ट्रिय श्रम सँगठन (आईएलओ) को महासन्धि नं.-१६९, आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र-२००७ र अभौतिक सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि-२००३ समेतको मूल्य मान्यता एवं मर्म र भावना समेत प्रतिविम्बित हुनेगरी नेपालको संविधानको धारा २२१ र २२६ तथा सोही संविधानको अनुसूची ८ र ९ एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम सप्तकोशी नगरपालिकाको १५ औं नगरसभाले यो ऐन तर्जुमा गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम "जेबार, माँइन्जन ऐन, २०८२" रहेको छ र यस ऐनलाई अंग्रेजीमा Jebaar Maaienjan Act, 2025 भनिनेछ।

(२) यो ऐन सप्तकोशी नगरपालिको नगर साभाले पारित गरी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा;

(१) "**थारु**" भन्नाले समग्र थारु समुदायमा रहेका थारु जातिलाई जनाउँदछ।

(२) "**संस्कृति**" भन्नाले मानव वा मानव सभ्यताको सृष्टि वा उत्पत्ति कालदेखि वा प्राचीन कालदेखि हालसम्म चलिआएको सकारात्मक वा असल मौलिक परम्परा, रीतिरिवाज, चलनचल्ती र संस्कार, सु-संस्कार समेतलाई जनाउँदछ।

(३) "**संरक्षण**" भन्नाले जोगाउने, सुरक्षित गर्ने, व्यवस्थित गर्ने, विकास गर्ने र समयानुकूल तथा समयसापेक्ष परिवर्तन वा परिमार्जन गर्ने कार्यलाई जनाउँदछ।

(४) "**रीतिरिवाज**" भन्नाले प्राचीन कालदेखि चलिआएको परम्परागत, संस्कार र परम्परागत ज्ञान एवं विज्ञान मिश्रित चलनचल्ती वा चालचलन वा सु-संस्कारलाई समेत जनाउँदछ।

(५) "**सु-संस्कार**" भन्नाले मानव सभ्यताको उत्पत्ति कालदेखि हालसम्म मानव समाजमा चलिआएको असल-असल संस्कार, राम्रा चाल-चलन, शिष्टाचारयुक्त रीतिरिवाज, बोली-व्यवहार, समयसापेक्ष सकारात्मक परिवर्तन हुँदै आएको मानव अधिकारवादी एवं प्रगतिशील तथा आधुनिक र अत्याधुनिक सकारात्मक सोच-विचार र क्रियाकलापलाई समेत जनाउँदछ।

(६) "**कुसंस्कार**" भन्नाले समाजमा चलिआएको यथास्थितिवादी कट्टरपन्थी सोचविचार, पुरातनवादी, पुरातनशैली, परम्परागत अन्धविश्वास, रुढीवादी, अवैज्ञानिक (विज्ञानरहित) चिन्तन, कुरीति, विकृति, बेथिति, खराब संस्कार, नराम्रो चालचलन, मानव अधिकार विरोधी, समयसापेक्ष नभएको, अप्रगतिशील तथा नकारात्मक सोचविचार र गतिविधिहरूलाई जनाउँदछ।

(७) "**जेबार**" भन्नाले गाउँको पटि (पट्टी) वा टोल भित्रका निश्चित घरधुरीका समुदायको जिम्मेवार अगुवा व्यक्ति अर्थात् यस ऐन बमोजिम नियुक्त भएको गाउँको थारु समुदायको प्रमुख व्यक्तिलाई जनाउँदछ।

(८) "**माँइन्जन**" भन्नाले साविकको गाउँ, मौजा वा मौजे र परगनाँ प्रमुख व्यक्ति र हाल वडा तथा नगरपालिका स्तरमा यस ऐन बमोजिम छनौट भएको थारु समुदायको प्रमुख व्यक्तिहरूलाई जनाउँदछ।

(९) "**जेबार**, माँइन्जन प्रणाली वा पद्धति" भन्नाले जेबार, माँइन्जन सम्बन्धी प्रथाजनित प्रणालीको विधि-विधान, नीतिनियम, प्रथा, रीतिथिति, चलन, परम्परा, प्रणाली, पद्धति वा सामूहिक सुशासन व्यवस्थालाई जनाउँदछ।

(१०) "**थानपति**" वा "जेठरैत" भन्नाले निश्चित समयभित्र नियमित रूपमा ग्रामथानको पूजापाठको अभिभारा वा उत्तरदायित्व र जिम्मेवारी ग्रहण गरेको वा सुम्पिएको ग्रामथान वा ग्रामदेवता थान वा मन्दिर प्रमुख, अगुवा व्यक्तिलाई जनाउँदछ।

(११) "**थानपति वा जेठरैत प्रणाली वा पद्धति**" भन्नाले ग्रामथान वा ग्रामदेवता थानमा नियमित रूपमा गरिने पूजापाठ, पूजा-आराधना गर्ने गराउने रीति, चलन, परम्परा, प्रथा, प्रणाली वा पद्धतिलाई जनाउँदछ।

(१२) "**देबाँन**" भन्नाले प्रगन्ना वा प्रगनाँ र गादी (गाद्दी) सञ्चालक तथा धेरै महत्वपूर्ण व्यक्ति, राज्य सञ्चालक अथवा प्रशासक, गादी (गाद्दी) प्रमुखलाई जनाउँदछ र सो शब्दले माँइन्जनको सहयोगीलाई समेत जनाउँदछ।

(१३) "**देबाँन प्रणाली वा पद्धति**" भन्नाले प्राचीन गादी वा गाद्दी (चौरासी) राज्य व्यवस्थाको विधि-विधान, नियम-कानुन, प्रथा, रीतिथिति, चलन, परम्परा, प्रणाली, पद्धति वा सुशासन व्यवस्थालाई जनाउँदछ।

(१४) "**गोराइत**" भन्नाले जेबार, माँइन्जन, थानपति, देबाँनको निर्देशनमा आफ्नो कार्यक्षेत्रभित्र बैठकी (बैठक) वा सभा बस्ने मिति, समय र स्थानबारे वा अन्य अति आवश्यक समाद (समाध) वा सूचनाहरू प्रत्येक घरदैलोमा पुऱ्याउने जिम्मा दिइएको अर्थात् सुम्पिएको व्यक्तिलाई जनाउँदछ।

(१५) "**खोजपतार**" भन्नाले जेबार, माँइन्जन पद्धति वा प्रणाली अनुरूप जेबार, माँइन्जन लगायत सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूको मूल्याङ्कन, विश्लेषण, समीक्षाका साथै कुनै पनि पदाधिकारी, सदस्य र कर्मचारीहरूको पदपूर्ति गर्न आवश्यक भएको अवस्थामा कर्मठ, इमान्दार र योग्य व्यक्ति छनौट गरी कार्य सम्पन्न गर्ने विधिलाई जनाउँदछ।

(१६) "**खोंज**" भन्नाले प्रथाजनित परम्परागत अभ्यासद्वारा थारु समुदायमा प्राचीन वा साविक कालमा जेबार, माँइन्जन, देबाँन, थानपति, गाद्दीचौरासी पद्धति वा प्रणाली अन्तरगत रहेको प्रगनाँहरू मध्ये सप्तरी जिल्लाको हालको सप्तकोशी नगरपालिका पर्ने एउटा परगनाँको नामलाई जनाउँछ र यस शब्दले हालको सप्तरी जिल्लाको चुरेबाट पूर्व, सप्तकोशी नदीबाट पश्चिम, जगतपुरबाट उत्तर र त्रियुगा नदीबाट दक्षिण यति चार किल्लाभित्र रहेको थरुहैट (थरुहट) क्षेत्र वा भू-भागलाई समेत समेट्दछ, जस अन्तर्गत हालको सप्तरी जिल्लामा रहेका साविक “खैलसा” वा “खालिसा/षालिसा", "रायझमुना" र “मालझमुना” आदि परगनाँहरूका साथै हालको उदयपुर जिल्लाभित्रका “तलहठी” र “तिलजुगा” परगनाँहरू समेत पर्दछन्। तर हाल यो ऐन सप्तकोशी नगरपालिकाको लागि तयार गरिएकोले यो ऐन उक्त पालिकामा मात्र लागू वा कार्यान्वयन हुनेछ।

(१७) "**देस**" भन्नाले थारु प्रथाजनित परम्परागत अभ्यासद्वारा बोलचालको भाषामा वा व्यवहारिक चलनचल्तीमा केही निश्चित भू-भाग जस अन्तरर्गत "रायझमुना" र "मालझमुना" परगनाँहरूलाई जनाउँदछ।

(१८) "**परगनाँ**" भन्नाले थारु समुदायमा प्राचीन वा साविक कालमा जेबार, माँइन्जन, देबाँन, थानपति पद्धति वा प्रणाली अन्तर्गत राज्यले तोकेको गादीभन्दा तल्लो निकाय अर्थात् हालको जिल्ला जस्तो तहलाई जनाउँदछ।

(१९) "**गादी**" भन्नाले थारु समुदायमा प्राचीन वा साविक कालमा जेबार, माँइन्जन, देबाँन, थानपति पद्धति वा प्रणाली अन्तर्गत राज्यले तोकेको “परगनाँ” भन्दा माथिल्लो निकाय अर्थात् हालको प्रदेश जस्तो तहलाई जनाउँदछ।

(२०) "**चौरासी**" भन्नाले थारु समुदायमा प्राचीन वा साविक कालमा जेबार, माँइन्जन, देबाँन, थानपति पद्धति वा प्रणाली अन्तर्गत चौरासीवटा परगनाँ रहेको र यस प्रणाली अन्तर्गत परगनाँ वा यसभन्दा माथिल्लो निकायका बैठकी अथवा सभालाई जनाउँदछ।

(२१) "**देखासुँनीं**" भन्नाले बर पक्ष र कनियाँ (बधू) दुवै पक्षले बर-बधू हेर्ने, देख्ने वा छनौट गर्ने कार्यलाई जनाउँदछ।

(२२) "**उप्यापतर**" भन्नाले बर र बधू देखासुँनी भइसकेपछि बिहेबारीको लागि उपाय कौशल्य, चाँजोपाँजो मिलाउने वा सरसल्लाह वा कुरो छिनोफानो गर्ने कार्यलाई जनाउँदछ।

(२३) "**घरदेख**" भन्नाले बियाह (विवाह, बिहा) हुनुभन्दा अगाडि पहिला बरको घरमा शुभ साइत पारी कनियाँ पक्षबाट घर हेर्न, देख्न आउने र त्यसपछि अरु कुनै शुभ दिन बरपक्ष कनियाँ पक्षमा घर हेर्न आउने र बियाह (बिहेबारी) तय गर्ने अर्थात् लगन (लग्न) बाँध्ने वा किटान गर्ने विधि वा कार्यलाई जनाउँदछ।

(२४) "**घरदेखिया**" भन्नाले कनियाँ र बरको घरदेखमा विधिपूर्वक घर तथा कनियाँ-बर हेर्न, देख्न आउने पाहुनाहरूलाई जनाउँदछ।

(२५) "**पँनचरही**" भन्नाले घरदेखमा बर वा कनियाँलाई पान, सुपारी, लड्डु, वस्त्र, आभूषण, श्रृँगार आदि चढाउने वा दान गर्ने विधि-विधानलाई जनाउँदछ।

(२६) "**गीतहाइर**" भन्नाले घरदेख, बियाहमा बिभिन्न संस्कारहरूको विधि-विधान (बिध-बेहबार) अनुसार गीत गाउने नारीहरूलाई जनाउँदछ, यो शव्दले हालको रङ्गमञ्चसाथै रेडियो, भिडियो (श्रव्यदृश्य), चलचित्र लगायत सामाजिक सञ्जाल र विभिन्न सञ्चार माध्यमहरूमा गीत गायन गर्ने नारी प्रतिभाहरूलाई समेत जनाउँदछ।

(२७) "**बिधकरनीं**" भन्नाले बियाहमा बैवाहिक कार्य सुसम्पन्न गर्नको लागि विधि व्यवहार (बिध-बेहबार) गर्ने-गराउने र कार्य गर्न सहयोग गर्ने नारी दानपति सहितकी सहयोगी नारीहरूलाई जनाउँदछ।

(२८) "**दानपति**" भन्नाले विवाह मण्डपमा कनियाँदान (कन्यादान) र मउर-मउरी (मौर-मौरी) दान गर्ने दम्पतिलाई जनाउँदछ।

(२९) "**लौवा**" भन्नाले वैवाहिक कार्य सुसम्पन्न गर्न सहयोग गर्ने हजाम वा नाँईलाई जनाउँदछ। यस शब्दले मथमुरैन (मुरौन, मुण्डन, घरपूजा, क्षोरकर्म, केसकप्पन) उत्सवमा कपाल काट्ने र अन्य दिन पनि गाउँसमाजमा, हाटबजार, शहरको सैलुनमा कपाल, दाहीजुँगा काट्ने कार्य गर्ने व्यक्तिलाई जनाउँदछ।

(३०) "**मथमुरैंन**" भन्नाले शुभसाइत जुराई संस्कार अनुसार रीतपूर्वक पहिलो चोटि क्षोरकर्म, मुण्डन गर्ने कार्यलाई जनाउँदछ।

(३१) "**भतखोइ**" भन्नाले पहिलो पटक शुभसाइत जुराई आ-आफ्नो सामाजिक रीतिथिति अनुसार बालबालिकाहरूलाई अन्न खुवाउने कार्यलाई जनाउँदछ।

(३२) "**पण्डित, पुरहित, पुरोहित वा बाबहँन**" भन्नाले समुदायको हित वा भलो चाहने, गर्ने, विद्वान्, गुणवान् व्यक्ति पण्डित, ज्ञानी, गुणी, ज्ञाता, प्राज्ञ, आचार्य, शिक्षित, सभ्य,

अध्ययनशील अध्ययनकर्ता वा अध्येता, संस्कृतिविद्, सांस्कृतिक र व्यवहारिक ज्ञान भएको, विवेकी वा विकेकशील, चौतर्फी विकासका अध्ययनकर्ता अध्येता, कुशल, निपुण, विशेषज्ञ, विश्लेषक, समयसापेक्ष सकारात्मक सोचविचार राख्ने, समयसापेक्ष सकारात्मक सामाजिक र सांस्कृतिक परिवर्तन चाहने र गर्ने, समाज, समुदाय र संसारलाई समयले माग गरे अनुसारको सही मार्गमा वा सुमार्गमा डोर्याउने व्यक्तिका साथै चिनाटिप्पन लेख्ने, वास्तशास्त्र सम्बन्धी परामर्श दिने, धर्म संस्कृति सम्बन्धी धार्मिक, सांस्कृतिक वा सामाजिक कार्यहरू धर्मकर्म, विवाह, मुरौन (व्रतवन्ध), श्राद्ध, श्रीमद्भागवद् महापुराण ज्ञान यज्ञ (श्रीमद्भागवद् पुराण ज्ञान महायज्ञ) भगवान पूजा आदि कार्यहरूमा पुरेत्याँईं गर्नुहुने "गुरुबा" समेतलाई जनाउँदछ।

(३३) "**मलिथम**" भन्नाले विवाह मण्डपको पश्चिमपट्टिको प्रवेश द्वारमा दाहिनेपट्टि ठड्याइएको स्थानीय जातको सिमर वा सिमलको हाँगालाई जनाउँदछ।

(३४) "**दुरागमन**" भन्नाले विवाहको केही वर्ष बिराएर कनियाँ (बेहुली) भित्र्याउने विधि, संस्कार वा कार्यलाई जनाउँदछ।

(३५) "**लियौन**" भन्नाले दुरागमनपछि बेहुलाले पुनः बेहुली लिन सौसराइर (ससुराली) जाने र ल्याउने संस्कार, विधि वा कार्यलाई जनाउँदछ।

(३६) "**मौंटा**" भन्नाले तेलपौररोटी, खीर, पुरी, लड्डु, खानेकुरा, मिष्टान भोजनादि बाँसले निर्मित दौरा, चङेरा-चङेरीमा राखी नयाँ र सफा रातो रङ्गको कपड़ाले बाँधी बनाएको पोकोलाई जनाउँदछ।

(३७) "**बियाह**" भन्नाले सामाजिक संस्कार वा कानुनी प्रक्रिया पूरा गरी परम्परागत विधिविधान र प्रचलित कानुन बमोजिम लिखित कानुनी रूपमा सुसम्पन्न गर्ने-गराइने वा मौखिक र मानसिक रूपमा विवाहित वा अविवाहित बर-कनियाँको मेलोमतोमा बर-कनियाँले गर्ने-गरिने संस्कार अथवा सम्झौतालाई जनाउँदछ।

(३८) "**चुमौन**" भन्नाले विवाहित कन्याको घरजमको श्रीमान् बितेपछि वा कथित एकल महिला भएपछि, त्यागपत्र पाए वा लिएपछि, घरपरिवारबाट धपाइएपछि वा कुनै कारणवशः घरपरिवार विघटन भएपछि वा भत्किएपछि वा बिग्रिएपछि ती कन्यालाई माइतीका घरपरिवारले अर्को विवाह गराई दिएमा वा आफैले गरेमा यस्तो किसिमको विवाहलाई चुमौन भनेर जनाउँदछ र सो शब्दले यस बाहेक विधिपूर्वक गंगाजल छर्की पवित्र बनाई तिलक, चन्दन, टीकाटालो गरी आशिष वा आशीर्वाद दिनु वा दिंदै कुनै कर्तालाई नवीन उत्तरदायित्व र जिम्मेवारी सुम्पिनु वा ग्रहण गराउनु वा बोध गराउनुलाई समेत जनाउँदछ।

(३९) "**कुमार बर**" भन्नाले अविवाहित बरलाई जनाउँदछ।

(४०) "**कुमाइर कनियाँ**" भन्नाले अविवाहित कन्यालाई जनाउँदछ।

(४१) "**दोतीबर**" भन्नाले विवाहित बर जसले दोश्रो विवाह गर्न लागेको छ वा गर्दैछ त्यसलाई जनाउँदछ।

(४२) "**बरका कनियाँ वा दोती कनियाँ**" भन्नाले विवाहित कन्या जसले अविवाहित अथवा कुमार वरसँग दोश्रो विवाह गर्न लागेकी छिन् वा गर्दैछिन् त्यसलाई जनाउँदछ।

(४३) "**बरकी कनियाँ वा जेठ्की कनियाँ**" भन्नाले छोरीहरू, दिदीबहिनीहरू साथै बुहारीहरू मध्येमा सबैभन्दा जेठी कन्यालाई जनाउँदछ।

(४४) "**येकल जनीं वा येकल कनियाँ वा असगर जनीं**" भन्नाले एकल महिला वा नारीलाई जनाउँदछ।

(४५) "**मसोमाँत**" भन्नाले पत्नी (श्रीमती) भएर पनि मासिएको र कुनै पनि सन्तान, बालबच्चा नरहेको वा वंश अवरूद्ध भएको निवंश एकल पुरूषलाई जनाउँदछ।

(४६) "**मसोमाँतनी**" भन्नाले पति (श्रीमान्) भएर पनि मासिएको र कुनै पनि सन्तान, बालबच्चा नरहेको वा वंश अवरूद्ध भएकी निवंश एकल महिला वा नारीलाई जनाउँदछ।

(४७) "**धामी**" भन्नाले गाउँसमाजमा आस्था र विश्वासको आधारमा कसैलाई तथाकथित् भूत, पिशाच, देवादेवी लागेको भनी झारफुक गरी लागूभागू भगाउने, धपाउने व्यक्ति, धामी वा झाँक्रीलाई जनाउँदछ।

(४८) "**रजहैंन धामी**" भन्नाले गाउँसमाजमा अन्धविश्वासको आधारमा कसैलाई तथाकथित् भूत, पिशाच, देवादेवी लागेको भनी झारफुक गरी लागूभागू भगाउने, धपाउने साथै ग्रामथान वा राजाजी थान, डीहबार बाबा थान आदिमा पूजापाठ गर्न तोकिएको व्यक्ति वा झाँक्रीलाई जनाउँदछ र यस्तो किसिमको कार्य गर्ने थारू समुदायमा रजबाँतर (राजबाँतर) समुदायका पुरूषलाई जनाउँदछ।

(४९) "**मन्तर**" भन्नाले धामी वा झाँक्रीहरूले धैंम्पन, गोहाइर वा झारफुक गर्दा वा फुक्दा देवीदेउता र भगवानलाई आह्वान गर्न, स्थापना गर्न, साक्षी राख्न र कारनी वा दुःखी वा पीडित व्यक्तिलाई निको पार्न प्रयोग गरिने अक्षर, शब्द, वाक्य र हरफ वा साहित्यलाई जनाउँदछ।

(५०) "**टोनाँ वा टोनाँटापर**" भन्नाले जगत भलोको लागि प्रयोग गरिने तन्तर-मन्तर (तन्त्र-मन्त्र) वा तान्त्रिक मन्त्र र गतिविधिलाई जनाउँदछ।

(५१) "**बेगार वा बेठबेगार**" भन्नाले माँइन्जन वा मान्यजनको अगुवाइ तथा रेखदेखमा वा नेतृत्वमा सार्वजनिक कार्यको लागि गरिने जनश्रमदानलाई जनाउँदछ।

(५२) "**चोरकछी**" भन्नाले बालबच्चा वा सन्तान प्राप्तिको लागि, आयुआरोग्य, सुस्वास्थ्य र दीर्घायुको लागि, विभिन्न रोगव्याधि र जनपद वा सरूवा रोगबाट बच्न-बचाउन र नियन्त्रणको लागि गरिएको कौबला (भाकल) पूरा भएपछि जसको लागि भाकल गरिएको हो, सम्बन्धित बाल-बालिकालाई कार्तिक कृष्णपक्षमा सामान्य पोशाकसँगै प्रशोधन गरिएको जुट वा सन (पटुवा)को पोशाक लगाई गरिने धार्मिक कार्य, धर्मकर्म वा पूजापाठ गर्ने क्रममा घर-घर, गाउँ-गाउँ, आफन्त, नातेदार, कुटुम्ब, इष्ट-मित्रहरूको

घर जाँदा दान स्वरूप प्राप्त हुने प्रशोधन गरिएको जुट, धान, चामल, नगद, लत्ता-कपड़ा संकलन गरी श्री दामोदर भगवानलाई गरिने पूजा आराधनालाई जनाउँदछ।

(५३) "**चोरखेलिया**" भन्नाले बालबच्चा वा सन्तान प्राप्तिको लागि, आयु-आरोग्य, सुस्वास्थ्य र दीर्घायुको लागि, विभिन्न रोगव्याधि वा सरूवा रोगबाट बच्न-बचाउन र नियन्त्रणको लागि गरिएको कौबला (भाकल) पूरा भएपछि जसको लागि भाकल गरिएको हो, सम्बन्धित बाल-बालिकालाई कार्तिक कृष्णपक्षमा सामान्य पोशाकसँगै प्रशोधन गरिएको जुटको पोशाक लगाई गरिने धार्मिक कार्य, धर्मकर्म वा पूजापाठ गर्ने क्रममा घर-घर, गाउँ-गाउँ, आफन्त, नातेदार, कुटुम्ब, इष्ट-मित्रहरूको घर जाने क्रममा श्री दामोदर भगवानको महिमा वा हरिभजन, चोरखेली गीत गाउने, नाचगान गर्ने, वाद्यवादन गर्ने व्यक्तिहरूको जमात, समूह वा न्याँक, गीतार वा गीतहार, मिरदङ् (मृदंग) बजाउने मिरदङियाँ वा मृदंगवादक, झाइल वा झ्याम्टा बजाउने झाइलपिटा वा झ्याम्टावादक, नाच्ने-गाउने वा गायन सहित नाच्ने नउटवा (नटुवा) वा नृत्यकर्मी र लेबार वा बिकठा वा बिपातर वा जोकर वा हास्य कलाकार सहितको टोली वा जमातलाई जनाउँदछ।

(५४) "**न्याँक वा न्याँकजी**" भन्नाले थारु नाच वा नाच, धुमरा (धुम्रा) नाच आदि विधिपूर्वक उठान, शुरूवात वा सञ्चालन र समापन साथै निर्देशन, अगुवाई वा नेतृत्व गर्न जान्ने वा जानेको दक्ष, निपुण वा कुशल कलाकार वा व्यक्तिलाई जनाउँदछ।

(५५) "**पलग्याँन वा पलज्ञान**" भन्नाले न्याँकको सहयोगी सहायक न्याँक, सह-न्याँक, उप-न्याँकलाई जनाउँदछ।

(५६) "**नउटवा वा नटुवा**" भन्नाले न्याँक, गीतार वा गीतहार, मिरदङियाँ वा मिरदङ्वादक (मृदंगवादक), झ्याम्टा वादक, लेबार र गाउँसमाज वा समुदायले रुचाएको सबैको सहमतिमा विधिपूर्वक नारी सरी (नारी जस्ती) नाक, कान छेड़ेको, नारी जस्तै नारी पहिरन र गरगहना आभूषण धारण गर्न रुचाउने थौरबी वा थारु नाच साथै धार्मिक कार्यहरूमा गरिने धार्मिक नाचहरू जस्तैः धामी नाच, चोरखेलीया (चोरखेली) नाच आदिमा नारी पहिरन र आभूषण धारण गरी जुनसुकै जातजातिको गायन, अभिनय र नृत्य गर्ने नृत्यकर्मी पुरूष र तेस्रो लिङ्गी व्यक्तिलाई जनाउँदछ। अचेल कतैकतै नारीहरू पनि चोरखेलिया नाचमा जाने गर्दछिन्।

(५७) "**लेबार, बिकठा, बिपातर, उधब वा उधो**" भन्नाले थउरबी वा थारु नाच वा नाचमा प्राचीन परम्परागत तथा समसामयिक कटाक्ष, हास्यव्यङ्ग्य, प्रहसन प्रस्तुत गर्ने जोकर वा हास्य कलाकारलाई जनाउँदछ।

(५८) "**कार्यसमिति**" भन्नाले यो ऐन अन्तरगत व्यवस्था भएको वा गरिएको नगरस्तरीय माँइन्जन सहितको कार्यसमितिलाई जनाउँदछ।

(५९) "**नगर प्रमुख**" भन्नाले नगरपालिकाको मेयरलाई जनाउँदछ।

(६०) "**नगर उप-प्रमुख**" भन्नाले नगरपालिकाको उपमेयरलाई जनाउँदछ।

(६१) "**वडाध्यक्ष**" भन्नाले सम्बन्धित वडाको वडाध्यक्षलाई जनाउँदछ।

(६२) "**कार्यपालिका**" भन्नाले नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँदछ।

(६३) "**करखैनिँयाँ**" भन्नाले माटो, काठ, धातु, द्रव्य वा अन्य कुनै पनि सामग्रीको मूर्ति निर्माण गर्ने तथा भाकल र चाडपर्वमा मूर्ति बनाउने वा बनाईदिने व्यक्तिलाई जनाउँदछ।

(६४) "**लिखन्दार**" भन्नाले गाउँ, घर, नगर, बस्ती र सरकारी अड्डा, कार्यालय आदिमा कामकाज गर्नको लागि निवेदन, मञ्जुरीनामा, दानपत्र, बकसपत्र वा अन्य अति आवश्यक कागजातहरू लेख्ने वा लेखन कार्य गर्ने व्यक्तिलाई जनाउँदछ र सो शब्दले थारु जातिको प्रथाजनित संस्थाको कार्यसमिति, उपसमितिको बैठकी, बैठक, सभा, भेला, अधिवेशन, विशेष अधिवेशन लगायत अन्य आवश्यक कार्यहरूमा उपस्थिति, प्रस्ताव, निर्णय आदि लेख्ने वा लेखन कार्य गर्ने सचिव वा सो सरहको व्यक्ति समेतलाई जनाउँदछ।

(६५) "**बबाजी**" भन्नाले घर व्यवहारबाट सन्यास लिएको, आफू जन्मेको कुल, वंश, थर, गोत्र सबैथोक त्याग गरेको; थारु समुदायमा शिशु जन्मिँदा शिशु अवस्थामै हजुरबुवा हजुरआमा वा बुवाआमाले डाँर अथवा कम्मरमा बाँधिदिएको कन्दनी (डोराडोइर) गुरुकुलमा गएर काटेको, त्याग गरेको, यदि विवाहित छ भने पुरूषले आफ्नी श्रीमतीसँग मञ्जुरी लिई श्रीमती वा नारी र धनसम्पत्ति, पुत्रपुत्री, पुत्रवधू, नातिनातिना सबै थोक त्याग गरी वैराग्य धारण गरेको सन्यासी, वैरागी, साधु, सन्त पुरूष वा व्यक्ति वा बाबालाई जनाउँदछ।

(६६) "**बबैजनीं वा माँइराम**" भन्नाले घर व्यवहारबाट सन्यास लिएकी, आफू जन्मेकी कुल, वंश, थर, गोत्र सबैथोक त्याग गरेकी र थारु समुदायमा शिशु जन्मिँदा शिशु अवस्थामै हजुरबुवा हजुरआमा वा बुवाआमाले डाँर वा कम्मरमा बाँधिदिएको कन्दनी (डोराडोइर) गुरुकुलमा गएर काटेकी, त्याग गरेकी; यदि विवाहित छिन् भने घरजम गरेकी त्यस्ती नारीले आफ्नो श्रीमान् वा पुरूष र धनसम्पत्ति, पुत्रपुत्री, पुत्रवधू, नातिनातिना, कुल, वंश, थर, गोत्र सबै थोक त्याग गरी वैराग्य धारण गरेकी सन्यासी नारी वा गुरुआमा वा गुरुमाँलाई जनाउँदछ।

(६७) "**वैष्णब**" भन्नाले सुसंस्कार अथवा समयसापेक्ष परिवर्तन हुँदै आएको वा हुँदैजाने आधुनिक र अत्याधुनिक सकारात्मक सोच विचारलाई आत्मसात गर्ने वा अन्तर हृदयदेखि मान्ने तर समाजमा संस्कारसँगै विद्यमान रहेको कुसंस्कार अथवा यथास्थितिवादी कट्टरपन्थी सोचविचार, पुरातनवादी, पुरातनशैली, परम्परागत अन्धविश्वास, रुढीवादी, अवैज्ञानिक, विज्ञानरहित चिन्तनमनन, कुरीति, विकृति, वेथिति, खराब संस्कार, नराम्रो चालचलन, मानव अधिकार विरोधी, समयसापेक्ष नभएको अप्रगतिशील तथा नकारात्मक सोचविचार र गतिविधिहरूलाई नमान्ने अर्थात् वैज्ञानिक चिन्तनमनन, समयसापेक्ष परिवर्तनशील, सकारात्मक, सामाजिक, सांस्कृतिक रूपान्तरण चाहने र गर्ने-गराउने, सकारात्मक तथा प्रगतिशील सोचविचार अँगाल्ने वा मान्ने व्यक्तिलाई जनाउँदछ।

(६८) "**बैस्नँब येकादसी, एकादसी वा बैष्णबाणां एकादशी**" भन्नाले वैष्णबहरूले खासगरी वैशाख शुक्लपक्ष द्वादशी तिथिमा गरिने मोहिनी एकादशी व्रत, ज्येष्ठ कृष्ण पक्ष द्वादशी तिथिमा गरिने अपरा एकादशी व्रत, आश्विन शुक्लपक्ष द्वादशी तिथिमा गरिने पाशंकुशा एकादशी व्रत, कार्तिक कृष्णपक्ष द्वादशी तिथिमा गरिने रमा/रंभा/रम्भा एकादशी व्रत, कार्तिक शुक्लपक्ष द्वादशी तिथिमा गरिने हरिबोधिनी/देवोत्थान एकादशी व्रत, माघ कृष्णपक्ष द्वादशी तिथिमा गरिने षट्तिला एकादशी व्रत तथा चैत कृष्णपक्ष द्वादशी तिथिमा गरिने पापमोचनी एकादशी व्रतलाई जनाउँदछ।

(६९) "**साकठ येकादसी, एकादसी वा स्मार्त्तर्णां एकादशी**" भन्नाले साकठ वा स्मार्त्तहरूले वैशाख शुक्लपक्ष एकादशी तिथिमा गरिने मोहिनी एकादशी व्रत, ज्येष्ठ कृष्णपक्ष एकादशी तिथिमा गरिने अपरा एकादशी व्रत, कार्तिक कृष्णपक्ष एकादशी तिथिमा गरिने रमा/रम्भा एकादशी व्रत तथा खासगरी कार्तिक शुक्लपक्ष एकादशी तिथिमा गरिने हरिबोधिनी एकादशी व्रतलाई जनाउँदछ।

(७०) "**येकादसी वा एकादशी व्रत**" भन्नाले वर्षैभरि कृष्णपक्ष र शुक्लपक्ष एकादशी तिथिमा गरिने एकादशी व्रतलाई जनाउँदछ।

(७१) "**पर्व**" भन्नाले थारु जाति, समाज, समुदायको पाबैनको रुपमा मानिने पर्वहरू जस्तै : सिरवा पाबैन वा जुरसितल, अखारही, चौठीचाँन, जितिया, दसमी (दशैं), सुकराइत (दिपावली, तिहार), नेमाँन, तिलासङ्कराइत (मागही, माघही वा माघी), होरी (फगुवा वा होली), चैती दसमी र चैत मसान्ती आदिलाई जनाउँदछ।

(७२) "**सिरवापाबैन**" भन्नाले वैशाख संकराइत (संक्रान्ति) अर्थात् वैशाख १ गते नयाँ वर्षमा मनाइने जुरसितल, सिरूवा पाबैनलाई जनाउँदछ।

(७३) "**अखारही**" भन्नाले आषाढ़ महिनामा सम्पूर्ण ग्रामवासी मिलेर गाउँ समाजमा हुने, आइपर्ने दुःखकष्ट, महामारी वा सरूवा रोग नियन्त्रणका लागि सामूहिक रूपमा ग्रामथान अर्थात् ग्रामदेवता थानमा गरिने पूजा-आराधना वा पूजापाठलाई जनाउँदछ।

(७४) "**गब**" भन्नाले रोहिणी नक्षत्रमा बिरार वा ब्याडमा राखिएको धानको बीऊ असार, साउन महिनामा धान रोपाईंको शुरूवातको दिन किसान आफैले कम्तीमा ५ देखि ७ वटासम्म बिट (गाँझ, गाँज) कादो गरी हिल्याएको खेतमा रोपी दहीचिउरा तथा विभिन्न परिकार बनाई खाने चलन वा परम्परालाई जनाउँदछ।

(७५) "**लगपाँचे/नागपञ्चमी**" भन्नाले साउन/श्रावण महिनामा नागपञ्चमीको दिन दूध र भुटेको धानको फूल (लाबा) घर वरपर चारैतिर नागदेउतालाई पूजा गरी चढाउने प्रचलनलाई जनाउँदछ।

(७६) "**रैब**" भन्नाले भाद्र महिनामा पर्ने सम्पूर्ण आइतवार (रविवार) मध्ये थारुहरूले आफूलाई अनुकूल हुने गरी कुनै एक आइतवार सुस्वास्थ्य हुनको निमित्त सूर्यदेवको बार भएकोले सूर्यदेवको आस्थामा नून, तेल बारी दही, चिउरा र मिष्टान्न भोजन गरी मनाइने व्रतलाई जनाउँदछ।

(७७) "**रखाराखी**" भन्नाले साउन (श्रावण) शुक्ल पूर्णिमा अर्थात् जनै पूर्णिमाको दिन दिदिबहिनीहरूले सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै दाजुभाइहरूलाई हातमा राखी (रक्षाबन्धन) बाँधिदिने प्रचलनलाई जनाउँदछ।

(७८) "**किसनाँठी**" व्रत भन्नाले कृष्ण जन्माष्टमीको दिन कृष्ण भगवानलाई पूजा गरी उपवास बस्ने र मेला भर्ने प्रचलनलाई जनाउँदछ।

(७९) "**चौठीचाँन**" भन्नाले भाद्रपद शुक्लपक्ष चतुर्थी तिथि अर्थात् गणेश चतुर्थीमा घरआँगन सफा गरी, चोख्याई बेलुकीपख चन्द्रोदय पश्चात श्रद्धालु भक्तजनले हातमा दही जमाएको छाँछी (माटोको भाँडा/वर्तन), फलफूल तथा शुद्ध परिकारहरू लिई चन्द्र दर्शन गर्दै चन्द्रदेवको पूजा आराधना गरिने पाबैन वा पर्वलाई जनाउँदछ।

(८०) "**जितिया**" भन्नाले नारीहरूले घरपरिवार, सन्तानको आयुआरोग्य, सुस्वास्थ्य, दीर्घायु र सुखसमृद्धिको कामना गर्दै आश्विन कृष्णपक्ष सप्तमी तिथिमा नुहाईधुवाई, पूजाआजा गरी वर्त शुभारम्भ गरी अष्टमीमा उपवास बसी नवमी तिथिमा पारण गरी सुसम्पन्न गरिने वर्तलाई जनाउँदछ।

(८१) "**दसमी**" भन्नाले आश्विन शुक्लपक्ष प्रतिपदा (परेवा) तिथिमा कलाथापन (कलस्थापन) अर्थात् घटस्थापनासँगै शुभारम्भ भई सोही दिन घरको मोँख वा भित/भितामा र केबार/ढोकामा पिठोको बाक्लो घोलले सेतो रङ्गको उजरा डाँयढ़/डाँईँढ़/डाँयड़/डाँईँड़ र कारीख कालो रङ्गले करीया डाँयढ़/डाँईँढ़/डाँयड़/डाँईँड़ ठाडो धर्साहरू अर्थात् यहाँको स्थानीय थारु भाषामा डाइनजोगीन बनाई सतमी वा सप्तमी तिथिमा सो ठाउँमा लिपपोत गरी फेरि उस्तै पिठोको बाक्लो घोलले सोही ठाउँमा सेतो/उजरा थोपा र सिन्दूरले रातो/ललका थोपा लगाउने या त हातको पञ्जामा पिठोको घोल लगाई सेतो/उजरा छाप र सिन्दूर लगाई रातो/ललका पञ्जाको छाप अथवा पाँचै औंलाहरू एकैठाउँपारी औंलाको टुप्पाले पिठो र सिन्दूरको थोपा लगाई दसमी (दशमी) तिथिमा देवीदेवता विसर्जन गरी सुसम्पन्न गरिने पाबैन वा पर्वलाई जनाउँदछ।

(८२) "**सुकराइत वा सुखराइत**" भन्नाले कार्तिक कृष्ण पक्षमा साँझपख गोधुलीमा बालिएको, बल्दै गरेको चिरखा अर्थात् दियोमा हुँकेहुँका बाली "अनधन (अन्नधन) लक्ष्मी घर ढुक, दलिदर बहार हो" भन्दै लक्ष्मीपूजा गरी हुँकेहुँका खेली रातैभरि चिरखा (दियो) बाली घरआँगन झिलिमिली पारी मनाइने चाडलाई जनाउँदछ।

(८३) "**गबहासङ्‌कराइत**" भन्नाले आफूले रोपाईंको बेलामा लगाएको धानबाली पसाउने बेलामा राम्ररी एकनास पसाओस् र समयमै राम्रो उब्जनी होस्, फलोस् भन्ने उद्देश्यले कार्तिक १ गते, कार्तिक सङ्क्रान्तिको दिन बिहानीपख धानको बोटको टुप्पो माथिमाथि दशैंमा सप्तमीको दिन काटेको लाठी/लठी/लट्ठी घुमाउँदै खेतबारी घुम्दै "छोटेबरहे सैर-बराबैर" भन्ने चलन वा रीतलाई जनाउँदछ।

(८४) "**आकाशदीप, तुलसी उद्यापन वा पोखैर निंस्तार**" भन्नाले थारु संस्कार र धार्मिक मान्यता अनुसार छोरीचेलीले आफ्नो पुस्तौंपुस्ताका मातृपितृहरूको उद्धारका निमित्त गरिने

धार्मिक अनुष्ठान हो, जसमा पोखरी पार गर्नको लागि दाजुभाइलाई दिदीबहिनीहरूले निम्तो दिई कार्तिक १ गते पण्डित, गुरुबाको निर्देशनमा राती जाग्राम बसी चारै प्रहर पूजा गरी नाउ (डुङ्गा) चढी दिदीबहिनीहरू पोखरी पार हुने, बैतरनी नदी तरनतारन हुने र दाजुभाइ माझी बनी पार गर्ने परम्परालाई जनाउँदछ।

(८५) "**समाचकेवा**" भन्नाले कार्तिक पूर्णिमाको दिन पोखरी, नदी तथा खेतमा दहन/जलप्रवाह गर्ने गरी १०-१५ दिन अगाडिदेखि नै अर्थात् कार्तिक शुक्ल पक्षभरि नै समाचकेवा भगवानको प्रतीकको रूपमा माटोको सानोसानो मूर्ति बनाई बाँसबाट बनाएको दौराचङेरामा राखेर महिलाहरूले बेलुका राति समाचकेवाको गीत गाएर खेल्ने परम्परा जसमा दिदीबहिनीहरूले दाजुभाइहरूको मायाप्रेमको गुणगान गाउने, आसिक/आशिष दिने र कसैले पनि सही, सत्य कुरो नबुझीकन कसैलाई बिनासित्ति व्यर्थमा जालझेल गरी आरोप लगाई दण्डसजाय गर्नु-गराउनु हुँदैन भन्ने सन्देश दिने र दाजुभाइ तथा दिदीबहिनीहरूको प्रगाढ स्नेह प्रेमको प्रतीकको रूपमा मनाइने पर्वलाई जनाउँदछ।

(८६) "**नेमान**" भन्नाले शुभ साइत जुराई नयाँ मंसिरे धानको लड्डु बनाई कुल देवता, इष्टदेवता, ग्राम देवता, अग्निदेव आदि देवीदेवताहरूलाई चढ़ाई आफू र आफ्नो नातेदारहरूलाई नयाँ अन्न (नवान्न) ग्रहण वा भोजन गर्ने-गराउने पाबैन वा पर्वलाई जनाउँदछ ।

(८७) "**पुषी पूर्णिमा, कोशी धाम**" भन्नाले हरेक वर्ष पौषको पूर्णिमाको दिन हाल सप्तरी जिल्लाको सप्तकोशी नगरपालिका मेगजीन चौरिया बोचही नजिकै कोशीटप्पु वन्यजन्तु आरक्षको सीमा क्षेत्रभित्र मध्यकालीन समयमा कौशिक ऋषि तपस्या गरी सिद्धि प्राप्त गरेको जनविश्वास भएको स्थानमा परापूर्व कालदेखि नै कोसी स्नान, पुसी पूर्णिमा व्रत साथै सामाजिक भेटघाट तथा आफन्तजनको मिलनको केन्द्रविन्दुको रूपमा लाग्ने कोसी धाम/मेलामा खास गरीकन सप्तरी, सिराहा, उदयपुर, सुनसरी, मोरङ र झापा जिल्लाको अलावा मित्र राष्ट्र भारतवर्षबाट पनि श्रद्धालु भक्तजनहरू आई कोशी स्नान गरी पवित्र हुने धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक मान्यता बोकेको पर्वलाई जनाउँदछ।

(८८) "**तिलासङ्कराइत वा माघी**" भन्नाले माघे संक्रान्तिको दिन मुरही र तिलमा गुँर मिसाएर मुरहीको लाइ र तिलको लरू (लड्डु) बनाई खाने-खुवाउने पाबैन/पर्वलाई जनाउँदछ।

(८९) "**होरी, फगुवा पाबैन**" भन्नाले दुष्टजनमाथि सज्जनजनको विजयको स्मरणमा रङ् वा रङ्ग, अबीरको प्रयोग गरी मीठो-मसिनो परिकारहरू खाई मनाईने पर्वलाई जनाउँदछ।

(९०) "**तोकिए बमोजिम**" भन्नाले यो ऐनमा व्यवस्था भए अनुरूप नियममा तोकिएको वा तोकिदिएको बमोजिमको कार्यलाई जनाउँदछ।

## परिच्छेद-२
## उद्देश्य तथा कार्यक्षेत्र र कार्यहरू

३. **उद्देश्यः**

यस ऐन अन्तरगत स्थापना हुने जेबार, माँइन्जन संस्था, पद्धति वा प्रणालीको उद्देश्यहरू देहाय बमोजिम रहेका छन् र यी उद्देश्यहरू प्राप्तिका लागि नगरपालिकाका साथै वडा तथा नगरस्तरीय माँइन्जनहरूले योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नेछन्।

(१) थारु समुदाय, देश र जगत कल्याणको साथै यो ऐन कार्यान्वयनको निमित्त जेबार, माँइन्जन प्रणाली वा पद्धति सुव्यवस्थित ढङ्गले लागू गर्नुका साथै थानपति (जेठरैत) प्रणाली वा पद्धति र देबाँन प्रणाली वा पद्धति पनि अनिवार्य रूपमा लागू गर्ने।

(२) साविक खोंज परगनाँको क्षेत्र अन्तरगत पर्ने हालको सप्तकोशी नगरपालिकामा मात्र हाल यो ऐन लागू गरी बिस्तारै खालिसा (षालिसा), टलहठी/तलहठी, तिलजुगा परगनाँ/प्रगनाँ, देस/रायझमुना, मालझमुनातिर पनि बिस्तार गर्दै जाने र परगनाँ, गादी, चौरासी स्थापित एवम् व्यवस्थित गर्ने।

(३) यसरी कार्यक्षेत्र बिस्तार, स्थापित र व्यवस्थित गर्दा अनुमति वा स्वीकृति लिनु पर्ने विषयमा अनुमति वा स्वीकृति लिने।

(४) थारु जातिको बियाह (विवाह) संस्कारका चरणहरू : देखासुनी, उप्यापतर, घरदेख, घरदेखमा घरदेखियाद्वारा बर-कनियाँलाई गरिने पँनचरही, घरदेख-बियाहको शुभ साइतमा गीत गाउने गीतहाइरहरूद्वारा बियाह संस्कारिक गीत गायन, बिधकरनीँहरूद्वारा वैवाहिक विधिविधान सुसम्पन्न गरिनु, मरवा (मरुवा, बियाह मण्डप) आसीन दानपतिद्वारा कनियाँ दान गरिनु, मलिथम समाइ नानी, मामी, दादी वा कोही आफन्त बस्नु, कनियाँ-बरलाई विधिपूर्वक लौवाद्वारा नँहछु (नँह्छु) गरिनु, जगबेदही घुमाउनु, कोबर बियाह गराउनु, कुलदेव, इष्टदेवलाई ढोगाउनु जस्ता विधिविधानहरूलाई अझ सुव्यवस्थित गरी बियाह सुसम्पन्न गर्न प्रेरित गर्ने।

(५) थारु जातिको जन्मदेखि मृत्युपर्यन्त गरिने संस्कारहरू : सौरीघरमा राख्नु, छठीहार-बरही गर्नु, मथमुरैंन, भतखोइ गर्नु, विद्यारम्भ, बियाह, दुरागमन, लियौन, मौंटा आदि संस्कारहरू विधिविधानपूर्वक सुसम्पन्न गर्नु, उपसम्पदा वा वाणप्रस्थ वा सन्यास जीवनयापन गर्न चाहनेले बबाजी, बबैजनीं (माइराम) भएर बस्न पाउनु, मृत्युपश्चात गरिने सराद/श्राद्ध संस्कारहरूमा दूधमूँह, तेराइत, सतलहान, नोंहकेस, चुरा, भात वा भतभोज वा शान्तिभोज, कसैकसैले गर्न चाहेमा बबाजी, बबैजनी र वैष्णवहरूलाई दल दिएर/निमन्त्रणा दिएर घरमा बोलाई गर्ने भन्डारा, मेरापछ, भगवान पूजा जस्ता संस्कारहरूलाई समयसापेक्ष परिमार्जन, परिष्कृत एवम् सुव्यवस्थित गरी प्रभावकारी तरिकाले कार्यान्वयन गर्ने।

(६) थारु जातिले मान्ने पाबैन/पर्व र व्रतहरूमा वैशाख सङ्क्रान्तिको दिन १ गते सिरूवा पाबैन, अखारही, गब, लगपाँचे/नागपञ्चमी, रखाराखी, चौठीचाँन, जितिया, दसमी, सुकराइत, गबहा सङ्कराइत, समाचकेबा, नेमाँन, पुसी पूर्णिमा/पुषी पूर्णिमा/कोशी धाम, होरी/फगुवा, तिला सङ्कराइत/मागही/माघी, येकादसी/एकादशी, साकठ येकादसी, वैष्णव येकादसी, छः मसिया रैब, बरमसिया रैब, भदबैरीया रैब, किसनाँठी, आकाशदीप/तुलसी उद्यापन/पोखैर निंस्तार सुव्यवस्थित ढङ्गले भव्यताका साथ मान्न-मनाउन प्रेरित गर्ने र संस्कृति संरक्षणमा योगदान पुऱ्याउने।

(७) कुमार वर र कुमाइर कनियाँलाई स्वयम् आफै एकअर्काको गुण-दोष हेरी आफूलाई चित्त बुझे मात्र विवाहको लागि राजी हुन प्रेरित गर्ने, यसरी नै दोती बर र दोती कनियाँ वा बरका कनियाँलाई पनि बियाह वा चुमौन (चुमौंन) गर्न प्रेरित गर्ने।

(८) जेठकी कनियाँ वा बरकी कनियाँलाई घरव्यवहार, संस्कार सम्झाई अरू कनियाँमा बाँड्न प्रेरित गर्ने।

(९) येकल जनीँ/येकल कनियाँ/यसगर जनीँ/असगर जनीँ प्रति रहेको हेलाको भावना, नकारात्मक दृष्टिकोण र सोचविचारहरूलाई निरूत्साहित गर्नुका साथै उनीहरूको हकअधिकारको सुनिश्चित गर्ने र येकल जनीँ समिति बनाई सशक्तिकरण अभियान सञ्चालन गर्ने। यसरी नै मसोमाँत र मसोमाँतनीहरूको पनि संरक्षण गर्ने।

(१०) रजाजी (राजाजी) र डिहबार थानमा सामूहिक रूपमा गरिने पारम्परिक पूजाआजा गर्न रजहैंन धामी राख्ने परम्परालाई निरन्तरता दिने र रजहैंन धामी वा धामीहरूको जन्तर, मन्तर, टोनाँटापरलाई पनि भैपरी आएको बेला सदुपयोग गर्ने-गराउने।

(११) सामाजिक वा सामुदायिक विकासका कार्यहरूमा अनुदान बाहेक गर्नु पर्न कार्यहरू जेबार, माँइन्जन वा तोकिएको व्यक्तिको अगुवाइमा बेगार वा बेठबेगारबाट पूरा गर्ने। यसका साथै गाउँसमाजमा कसैलाई आवश्यक परेको बेलामा पनि बेगार वा बेठबेगार अर्थात् जनश्रमदानको माध्यमबाट समस्या हल गर्ने।

(१२) लोपोन्मूख अवस्थामा रहेको थारु जातिको मौलिक ललित लोक कला, संस्कृति धुमरा नाच/धुम्रा नाच/झुमरा नाच, चोरकछी/चोरखेली वा चोरखेलीया नाच, धामी नाच लगायत अन्य नाचहरूमा पनि अत्यन्तै महत्पूर्ण भूमिका रहने न्याँक वा न्याँकजी, पलग्याँन/पलज्ञान, मिरदङिया, झाइल बजेनिँहाँर, गीतहार/गीतार, पछुवा, नउटवा/नटुवा, लेबार/बिकठा/बिपातर/उधब/उधो जस्ता भूमिका निर्वाह गर्ने कलाकारहरूलाई प्रशिक्षण दिई दक्ष पेशागत कलाकार उत्पादन गर्ने।

(१३) थारु भाषा, भेषभूषा, लिपि, साहित्य, कला वा मौलिक ललित कला, संस्कृतिको संरक्षण, संवर्द्धन र जगेर्ना गर्नुका साथै यी विषयहरूका बारेमा विभिन्न माध्यमहरूबाट प्रकाशन र प्रसारण गर्ने-गराउने र यी कार्यमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने।

(१४) अन्तर्राष्ट्रिय श्रम सँगठन (आइएलओ)को महासन्धि नम्बर-१६९ लगायतका अन्तर्राष्ट्रिय कानुन प्रदत्त अधिकारका आधारमा थारु समुदायको जल, जङ्गल, जमिन लगायत प्राकृतिक स्रोत र सम्पदामाथिको परम्परागत अधिकार वा अग्राधिकार स्थापित गर्ने-गराउने।

(१५) नगरपालिकाबाट थारु समुदायको हक-हितका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न सहज बनाउने। यसका लागि नगर कार्यपालिका, नगर प्रमुख, नगर उप-प्रमुख, स्थानीय अधिकारी, प्रशासकीय अधिकृत, सबै वडाध्यक्ष र वडा सदस्यहरूसँग सहजीकरणका लागि पहल गर्ने।

(१६) सामुदायिक वन, खानेपानी, पोखरी, सिँचाई प्रणाली लगायतका समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापन प्रणालीहरूलाई थारु समुदायको प्रथाजनित अधिकारमैत्री बनाउने।

(१७) प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी थारु समुदायका प्रथाजनित अभ्यासको प्रवर्द्धन गर्दै मान्यता प्रदान गर्ने।

(१८) थारु समुदायको पहिचानसँग सम्बन्धित पुरातात्विक र प्राचीन सम्पदाहरूको खोजअनुसन्धान र पहिचान गरी संरक्षण गर्ने र यसको जगेर्नाको लागि संग्रहालय स्थापना गर्ने।

(१९) समाजमा विद्यमान वा प्रचलनमा रहेका संविधान र प्रचलित कानुन विरूद्धका कुसंस्कार, कुरीति, विकृति, बेथिति विरूद्ध अभियान सञ्चालन गर्ने साथै असल-असल संस्कार र सु-संस्कारहरूको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र जगेर्ना गर्ने।

(२०) थारु समुदायको हित, कल्याण र उत्थानका लागि नीति तथा योजना र कार्यक्रम बनाई कार्यान्वयन गर्ने र यस विषयमा अन्य अति आवश्यक कार्यहरू गर्ने ।

(२१) निर्वाहमुखी कृषि प्रणालीलाई पर्यावरण र पहिचानमैत्री रूपमा व्यवसायिक कृषि प्रणालीमा रूपान्तरण गर्न सहजीकरण गर्ने र यसका लागि उचित समयमै उन्नत बीऊबीजन, मलखाद, शीत भण्डार लगायतका आवश्यक सहयोग उपलब्ध गराई बजारीकरणमा सघाउने।

(२२) थारु कृषकहरूको पहिचान गरी सूचीकरण अभियान चलाउने र सम्बन्धित निकायमा दर्ता गराउने।

(२३) थारु समुदायबाट रोजगारीका लागि विदेश पलायन हुने कार्यको निरुत्साहन गर्ने।

(२४) थारु समुदायमा परम्परागत ज्ञानमा आधारित हुने गरी कृषि तथा पशु पाठशालाको स्थापना गर्ने।

(२५) थारु भसा/भाषा अध्ययन, अध्यापन, साहित्य लेखन र थारु वाद्यवादन, गायन, नृत्य प्रवर्द्धनको लागि थारु सबद बखारी/थारु भसा सास्तर/थारु सबद कोस वा

थारु शब्द कोष, थारु व्याकरण र पाठ्यपुस्तक तयार गर्ने र थारु पाठशाला स्थापना गरी सञ्चालन गर्ने।

(२६) थारु समुदायले गर्दै आएको परम्परागत दूध तथा मासु उत्पादनलाई थप व्यवस्थित र उन्नत बनाउन आवश्यक सहयोग उपलब्ध गराई आत्मनिर्भर र व्यवसायिक बनाउने।

(२७) थारु समुदायको कृषि सम्बन्धी परम्परागत ज्ञानको संरक्षणका लागि थारु समुदायद्वारा नै सञ्चालन गर्ने गरी रैथाने बीऊ बैंक स्थापना गरी सञ्चालन गर्ने।

(२८) थारु समुदायको परम्परागत ज्ञानमा आधारित स्वास्थ्य उपचार पद्धतिको सुधार सहित निरन्तरताका लागि थारु स्वास्थ्य उपचार केन्द्र स्थापना र सञ्चालन गर्ने।

(२९) थारु समुदायमा जनस्वास्थ्यलाई प्रभावकारी बनाउन थारु युवा (युवक-युवती) परिचालन गरी प्रभावकारी बनाउने।

(३०) थारु मौलिक लोक ललितकला र मूर्तिकलालाई व्यवसायिक एवम् पेशागत बनाउन व्यवसायिक तथा पेशागत दक्ष कलाकार, चित्रकार, मूर्तिकार अर्थात् थारु भाषामा (भसामा) भन्नु पर्दा ढंगर-लुइरगर "करखैनिँया" उत्पादन गर्ने र थारु कलाकारहरूलाई प्रोत्साहन गर्ने।

(३१) थारु संस्कृतिलाई विकृत हुनबाट जोगाउन सचेतना अभियान सञ्चालन गर्ने र समुदायमा विद्यमान रहेका कुरीतिहरूलाई हटाउने अभियान सञ्चालन गर्ने।

(३२) थारु साहित्य, गोष्ठी, प्रवचन, सत्संग, सड़क नाटक, वाद्यवादन, गीत, संगीत, नृत्य, चलचित्र आदिको माध्यमबाट थारु समुदायको सामाजिक तथा सांस्कृतिक र धार्मिक परम्पराको विकास गरी सकारात्मक सामाजिक, सांस्कृतिक रूपान्तरणमा सक्रिय सहभागिता गराउने।

(३३) थारु महिलाका विशेष भूमिकाहरूलाई मान्यता प्रदान गरी थारु समुदायमा रहेको महिलाको हैसियतलाई उच्च सम्मानित गराउने र विभिन्न रीतिरिवाज र कुरीतिका नाममा महिलाप्रति हुने हिंसाको अन्त्य गर्ने।

(३४) वातावरण र जैविक विविधता संरक्षणका लागि थारु समुदायले प्राचीन कालदेखि विकास गरेका पद्धति र परम्परागत ज्ञानको अभिलेखित गरी सोको उपयोगका माध्यमबाट वातावरण र जैविक विविधताको संरक्षण गर्ने।

(३५) निकुञ्ज आरक्ष तथा मध्यवर्ती क्षेत्र लगायतका संरक्षित क्षेत्र र सामुदायिक वनमा थारु समुदायको पहुँचको सुनिश्चितता गर्ने।

(३६) मेग्जीन चौरीया बोचहीमा रहेको कोशी धाम (मेला) सञ्चालन गर्नको निमित्त यस जेबार, माँइन्जन ऐन अनुसार निर्वाध अधिकार रहने गरी कार्यान्वयन गर्ने।

(३७) थारु समुदायको परम्परामा आधारित रही पर्यटकीय स्थलको पहिचान गरी थारु पर्यटन व्यवसाय सञ्चालन गर्ने।

(३८) थारु समुदायमा दैवी प्रकोप प्रभावित क्षेत्रमा तथा अन्य संकटग्रस्त क्षेत्रमा राष्ट्रिय, अन्तरराष्ट्रिय सहयोग जुटाई सेवा परिचालन गर्ने।

(३९) थारु समुदायमा आवश्यक पर्ने सम्पूर्ण सामुदायिक विकास र सामुदायिक सेवाका आयोजना सञ्चालन गर्ने-गराउने।

(४०) थारु समुदायका युवा लगायतका व्यक्तिहरूलाई आत्मनिर्भर बनाउन आयमूलक, सीपमूलक, प्राविधिक, अप्राविधिक विषयहरूमा व्यवसायिक शिक्षा तथा तालिम र प्रशिक्षणको व्यवस्था गर्ने-गराउने।

(४१) थारु समुदायका प्राचीन बस्ती तथा पहिचानका क्षेत्रहरूलाई स्थानीय, राष्ट्रिय र विश्व सम्पदाको रूपमा विकास र पहिचान गर्ने।

(४२) यस ऐनको उद्देश्य प्राप्तिका लागि सरकारी, गैर-सरकारी, राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ-संस्था वा निकायसँग समन्वय गरी अन्तर सम्बन्ध स्थापना गर्ने।

४. **कार्यहरूः**

दफा ३ बमोजिमको उद्देश्यहरू प्राप्तिका लागि जेबार, माँइन्जनहरू र माँइन्जन समितिका साथै नगरपालिका र थारु समुदायका प्रथाजनित संघ-संस्थाले देहाय बमोजिमका कार्यहरू गर्न-गराउन सक्नेछन्ः

(१) विभिन्न स्थानीय तथा सामुदायिक र राष्ट्रिय, अन्तरराष्ट्रिय चाड़पर्व वा महोत्सवहरूमा थारु समुदायका सामाजिक, सांस्कृतिक तथा धार्मिक क्रियाकलापहरूमा सहभागी भई यस्ता कार्यक्रममा विभिन्न प्रवर्द्धनात्मक क्रियाकलाप तथा कार्यक्रमहरूको आयोजना गर्ने।

(२) थारु समुदाय र यस समुदायको जेबार, माँइन्जन परम्पराका बारेमा राष्ट्रिय, अन्तरराष्ट्रिय गोष्ठी, सम्मेलन, समारोहको आयोजना गर्ने र यी कार्यहरूमा जेबार, माँइन्जन वा निजहरूका प्रतिनिधिहरूले भाग लिई थारु समुदायका सामाजिक, सांस्कृतिक तथा धार्मिक क्रियाकलापहरूको प्रचार-प्रसार गर्ने।

(३) थारु समुदायका युवा पुस्ताको उत्थान र जेबार, माँइन्जन पद्धतिका बारेमा समय-समयमा सामूहिक भेला आयोजना गरी यस विषयका जानकारहरूबाट विभिन्न विषयमा प्रवचन र प्रशिक्षण गर्ने-गराउने।

(४) थारु समुदाय तथा जेबार, माँइन्जन वा प्रतिनिधिहरूको शारीरिक र मानसिक विकासका लागि खेलकुद, सांस्कृतिक, साहित्यिक तथा शैक्षिक कार्यक्रमहरूको आयोजना गर्ने।

(५) थारु समुदायमा प्रथाजनित रूपमा चल्दै आएका पहिचानमा आधारित संस्कार, संस्कृति र रीतिरिवाजको निरन्तरताका लागि यी कार्यहरू गर्नमा सबैलाई प्रोत्साहन हुने कार्यहरू गर्ने।

(६) जेबार, माँइन्जन पद्धति र यसको योगदानका विषयमा पत्रपत्रिका, पुस्तक प्रकाशन गर्ने, प्रकाशन गृह तथा पुस्तकालय, वाचनालय र संवाद केन्द्र आदि सञ्चालन गर्ने।

(७) जेबार, माँइन्जन पद्धतिमा आधारित पर्यटन र होमस्टे, अतिथि गृह आदि सञ्चालन गर्ने।

(८) स्वदेशी र विदेशी अतिथिहरूलाई थारु मौलिक परिकारका साथै थारु भाषा, साहित्य, ललितकला, संस्कृति, नाचगान, वाद्यवादन, गीत, सङ्गीत, नृत्य आदिबाट स्वागत गर्ने कार्यहरू गर्ने र मौलिक भाषा, साहित्य, ललितकला, संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउने।

(९) थारु समुदायको परम्परागत ज्ञानमा आधारित पर्यावरण र जैविक विविधता संरक्षण क्षेत्रमा प्रकृति अध्ययन, अनुसन्धान तथा अवलोकन स्थलको विकास गर्ने।

(१०) थारु तथा जेबार, माँइन्जन प्रशिक्षण केन्द्र तथा अनुसन्धान केन्द्र स्थापना गरी सञ्चालन गर्ने।

(११) थारु तथा जेबार, माँइन्जन संग्रहालय स्थापना गरी सञ्चालन गर्ने।

(१२) थारु संस्कृतिमा आधारित वाद्य (बादन) सामग्री उत्पादन र आपूर्ति गर्ने।

(१३) थारु चलचित्र निर्माणमा सघाउने र यसको लागि थारु समुदायको बसोबास क्षेत्रमा छायाङ्कन गर्न थारु तथा जेबार, माँइन्जनबाट अनुमति लिनु पर्ने विषयमा कार्यविधि वा प्रक्रिया निर्धारण गर्ने।

(१४) थारु समुदाय र जेबार, माँइन्जन पद्धतिसँग सम्बन्धित विषयमा काम गर्न सामुदायिक भवनको निर्माण र सञ्चालन गर्ने।

(१५) थारु समुदाय र जेबार, माँइन्जन पद्धतिसँग सम्बन्धित पहिचानका क्षेत्रहरूलाई सम्पदा सूचीमा सूचीकृत गराउने कार्यहरू गर्ने।

५. **जेबार, माँइन्जन लगायतका प्रथाजनित पदाधिकारीहरूको कार्यक्षेत्रः**

जेबार, माँइन्जनको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ :

(१) थारु समुदायको परम्परागत वा प्रथाजनित संस्कृति र संस्कारसँग सम्बन्धित जेबार, माँइन्जन सम्बन्धी प्रथाजनित संस्था वा पद्धतिको क्षेत्राधिकार नगरपालिका क्षेत्रमा रहेका सम्बन्धित पटि वा टोल, गाउँ, वडा र नगर क्षेत्रभित्र हुनेछ र सोही तहमा नेतृत्व गर्नु पर्नेछ।

(२) जेबारले आफ्नो गाउँको सम्बन्धित पटि, टोल वा समाजमा नेतृत्व गर्नु पर्नेछ र जेबारले गाउँ समुदायको काम गर्दा वडा स्तरका माँइन्जन र सबै टोल वा गाउँवासीसँग मिलेर गर्नु पर्नेछ।

(३)एउटा वडा (साविक गाउँ, मौजा वा प्रगन्ना) मा एक जना वडा माँइन्जन रहनेछ र वडा माँइन्जनले वडामा रहेका सबै गाउँ र गाउँको टोलमा रहेका जेबारहरूको नेतृत्व गर्नु पर्नेछ।

(४)वडास्तरमा रहने वडा माँइन्जनले सम्बन्धित वडाभित्रका सबै गाउँ, टोलका जेबार र अन्य वडाका माँइन्जनहरूसँग अन्तरसम्बन्ध, समन्वय र सहकार्य गर्नु पर्नेछ।

(५)नगरस्तरमा रहने नगर माँइन्जनले नगरपालिका क्षेत्रका वडामा रहेका सबै जेबार र वडा माँइन्जनहरूको नेतृत्व गर्नु पर्नेछ र नगरपालिकाभित्रका सबै वडा माँइन्जनहरूसँग अन्तरसम्बन्ध, समन्वय र सहकार्य गर्नु पर्नेछ।

(६)थानपतिले सम्बन्धित गाउँको ग्रामथानसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापको नेतृत्व गर्नु पर्नेछ।

(७)लिखन्दार, गोराइत, चौकीदार र आवश्यकता अनुसारका अन्य प्रथाजनित पदहरूमा रहेका व्यक्ति, पदाधिकारीहरूले आ-आफ्नो प्रथाजनित भूमिका निर्वाह गर्नु पर्नेछ।

**६. प्रथाजनित संस्थाको रूपमा जेबार, माँइन्जन पद्धति/प्रणालीको स्थापना र सञ्चालनः**

(१) नगरपालिका क्षेत्रका थारु समुदायको बसोवास भएका प्रत्येक गाउँ र टोलमा थारु समुदायको प्रथाजनित प्रणालीको रूपमा जेबार पद्धति/प्रणाली रहनेछ।

(२) टोल र गाउँस्तरभन्दा माथि वडा स्तरमा प्रथाजनित संस्थाको रूपमा वडा माँइन्जन पद्धति/प्रणाली स्थापना हुनेछ र वडा माँइन्जनले यसको नेतृत्व गर्नु पर्नेछ।

(३) नगरपालिका क्षेत्रमा प्रचलनमा रहेका वा स्थापना गरिएका जेबार, माँइन्जनहरूले नगरपालिका स्तरमा समितिको रूपमा जेबार, माँइन्जनहरूको सञ्जाल वा साझा संस्था स्थापना गर्न सकिनेछ र यसको नेतृत्व नगर माँइन्जनले गर्नु पर्नेछ।

**७. जेबार, माँइन्जन पद्धति/प्रणाली स्वशासित संस्थाको रूपमा रहनेः**

(१) जेबार र सबै तहका माँइन्जन पद्धति/प्रणाली प्रथाजनित संस्थाको रूपमा आत्मनिर्णयको अधिकार सहित एक स्वतन्त्र, स्वशासित र अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्थाको रूपमा रहनेछन् र नगर माँइन्जनले यसको समग्र नेतृत्व गर्नेछ।

(२) जेबार, माँइन्जन पद्धति/प्रणाली प्रथाजनित मूल्य-मान्यताका आधारमा आफ्ना कार्यहरू गर्न स्वतन्त्र हुनेछन्।

(३) नगर माँइन्जन र वडा माँइन्जनले एक संस्थाको रूपमा नगर तथा वडा र अन्य गाउँ, टोलमा रहेका जेबार, माँइन्जन लगायतका सरोकारवाला संघ-संस्था र निकायहरूसँगको समन्वय तथा सहकार्यमा सामुदायिक विकासका कार्यहरू गर्न सक्नेछन्।

**८. जेबार, माँइन्जन पद्धति/प्रणाली सम्बन्धी संस्थाको साझा चिन्ह र छापः**

(१) सेतो पृष्ठभूमिमा गोलो घेराभित्र झुटी (झिटकी/झुटकी), कोबर रहेको चिन्हलाई नै नगर माँइन्जन, सबै वडाका वडा माँइन्जन र गाउँ-टोलका जेबारहरूले साझा चिन्हको रूपमा प्रयोग गर्नेछन्।

(२) उपदफा (१) अनुसारको साझा चिन्हको बाहिर वरिपरि सम्बन्धित वडा माँइन्जनको वडा नम्बर, ठेगाना र स्थापना मिति लेखी वडा माँइन्जनको छापको रूपमा प्रयोग गर्न सक्ने छन्।

**९. माँइन्जनको कार्यालयः**

(१) वडा माँइन्जनको कार्यालय आफ्नो सम्बन्धित वडाको कुनै गाउँमा रहनेछ।

(२) वडा माँइन्जनको कार्यालय स्थापना गरिएमा सम्बन्धित वडाको सबै जेबारलाई समेत पायक पर्ने स्थानमा कार्यालय स्थापना गर्न सकिनेछ।

(३) जेबार, माँइन्जनको नगरपालिका स्तरीय प्रतिनिधिमूलक सञ्जाल वा साझा संस्थाको रूपमा रहने नगर माँइन्जनको कार्यालय सप्तकोशी नगरपालिका क्षेत्रभित्रको उपयुक्त स्थानमा स्थापना गरिनेछ।

**१०. जेबार, माँइन्जनको सूचीकरणः**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका गाउँहरूमा प्रचलनमा रहेका जेबार र वडा तथा नगर माँइन्जनको सूचीकरण गरी अभिलेख तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकरणका लागि नगरपालिकाले पटि, टोल तथा गाउँ स्तरमा रहेका जेबार र वडा तथा नगर स्तरमा रहेका माँइन्जनहरूसँग आवश्यक विवरण माग गर्न सक्नेछ।

(३) यो ऐन बमोजिम नगरपालिकाको क्षेत्रभित्रका पटि, गाउँ, वडा तथा नगर स्तरमा छनौट भएका जेबार, माँइन्जनका साथै थानपति (जेठरईत) र देबाँन लगायतलाई नगर कार्यपालिकाले सूचीकरण वा सूचीकृत गर्नु पर्नेछ, गर्नेछ।

**११. जेबार, माँइन्जन निर्वाचित भएको प्रमाण-पत्रः**

नियमित रूपमा गाउँ बैठकी वा गाउँ सभा, वडा बैठकी वा सभा र नगर बैठकी वा सभाको आयोजना गरी सहमति वा निर्वाचनबाट पटि (पटी) तथा गाउँ टोलमा छनोट भएका जेबार एवं थानपति (जेठरईत), लिखन्दार, गोराइत, चौकीदार आदि र वडा एवं नगर स्तरमा चयन वा निर्वाचित भएका माँइन्जन र अन्य सम्बन्धित प्रथाजनित पदाधिकारी र सदस्यहरूलाई नगरपालिकाले अनुसूची-१ बमोजिमको ढाँचामा प्रमाण-पत्र र अनुसूची-२ बमोजिमको ढाँचामा परिचय-पत्र प्रदान गर्नेछ।

१२. **वार्षिक अभिलेखः**

जेबार, माँइन्जनले प्रत्येक वर्ष सो वर्षमा भए-गरेका गतिविधि, क्रियाकलाप र कारोवारहरूको अभिलेख बनाई राख्नु पर्नेछ र सो अभिलेखको एक प्रति नगरपालिका र आवश्यकता अनुसार सम्बन्धित निकाय समेतमा पठाइनेछ।

## परिच्छेद-३

## वार्षिक गाँम (गाउँ) सभा, वडा सभा र नगर सभा सम्बन्धी व्यवस्था

१३. **साधारण सदस्यः**

(१) थारु भाषा, भेषभूषा, लिपि, साहित्य, मौलिक ललितकला, लोककला, संस्कृति आदिको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र जगेर्ना प्रति समर्पित हुने सबै थारु घरधुरीहरू गाँम बैठकी/गाँउ सभाका आजीवन सदस्य हुनेछन्।

(२) पटि वा गाँम बैठकी/गाँउ सभाको सदस्य भए बापत थारु घरधुरीबाट वार्षिक शुल्क उठाउने वा नउठाउने विषयमा वडा माँइन्जनले आयोजना गर्ने वार्षिक वडा सभाले निर्णय गर्नु पर्नेछ।

(३) थारु घरधुरीले अर्को गाउँ बसाईं सरी गएमा घरधुरी प्रतिनिधि प्रमाण-पत्र वा सदस्यता-पत्र स्थानान्तरण गर्न चाहेमा स्थानान्तरण हुन चाहेको गाउँको जेबारलाई पत्राचार गरी निःशुल्क स्थानान्तरण गर्न सकिनेछ र यस बापत कुनै किसिमको शुल्क लिइने छैन।

१४. **वार्षिक पटि वा गाँम सभा (गाउँ सभा), वार्षिक वडा सभा र वार्षिक नगर सभाः**

(१) प्रत्येक वर्ष अगहन (मंसिर) महिनाभित्र सबै थारु घरधुरीका कम्तीमा १ महिला र १ पुरुष प्रतिनिधिहरूको सहभागिता हुने गरी जेबारले वार्षिक साधारण सभाको रूपमा गाँम बैठकी वा गाउँ सभा सम्पन्न गर्नु पर्नेछ।

(२) प्रत्येक वर्ष पुष मसान्तभित्रमा वडा माँइन्जनले वार्षिक वडा बैठकी वा वडा सभा सम्पन्न गर्नु पर्नेछ।

(३) वार्षिक वडा बैठकी वा वडा सभामा देहायका प्रतिनिधिहरू सहभागी हुनेछन् :

(क) प्रत्येक गाउँको पटि वा टोल समाजमा रहेका जेबारहरू

(ख) जेबारले छनौट गरेका २ महिला र २ पुरूष प्रतिनिधि गरी ४ जना

(ग) प्रत्येक गाउँमा रहेका थानपति वा जेठरैत, लिखन्दार र पुरहित वा पण्डित वा गुरुबा

(घ) वडाको माँइन्जन, सहायक माँइन्जन र वडा माँइन्जन समितिका पदाधिकारी र सदस्यहरू

(४) प्रत्येक वर्ष माघ मसान्तभित्रमा नगर माँइन्जनले वार्षिक नगर बैठकी वा नगर सभा सम्पन्न गर्नु पर्नेछ।

(५) वार्षिक नगर बैठकी वा नगर सभामा देहाय बमोजिमका प्रतिनिधिहरू सहभागी हुने छन् :

(क) सबै वडाका वडा माँइन्जनहरू

(ख) वडाका सहायक माँइन्जनहरू मध्येबाट वडा माँइन्जन समितिले छानेका १ जना महिला र १ जना पुरूष गरी २ जना

(ग) नगर माँइन्जन हुन योग्यता पुग्ने व्यक्तिहरू मध्येबाट वडा माँइन्जन समितिले छानेका १ जना महिला र १ जना पुरूष गरी २ जना

(घ) सबै पटि र गाउँका जेबारहरू

(ङ) नगर माँइन्जन र नगर माँइन्जन समितिका पदाधिकारी र सदस्यहरू

१५. **वार्षिक रूपमा आयोजना गरिने वार्षिक पटि, गाँम बैठकी/गाउँ सभा, वार्षिक वडा बैठकी/वडा सभा र वार्षिक नगर बैठकी/नगर सभाको काम, कर्तव्य र अधिकारः** वार्षिक गाँम बैठकी (गाउँ सभा), वडा बैठकी (वडा सभा) र नगर बैठकी (नगर सभा) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) सम्पन्न भएका कार्यहरूको मूल्याङ्कन र समीक्षा गरी जेबार, माँइन्जनहरूले पेश गरेको वार्षिक प्रतिवेदन पारित गर्ने।

(ख) वार्षिक प्रतिवेदन साथै जेबार, माँइन्जन र अन्य प्रथाजनित पदाधिकारीहरूको कार्यको लेखाजोखा गर्ने।

(ग) जेबार, माँइन्जनले राखेको आय-ब्ययको सोधीखोजी गरी आय-ब्यय विवरण अनुमोदन गर्ने।

(घ) सम्बन्धित निकायमा पेश गर्नका लागि सामुदायिक विकासका वार्षिक योजना पारित गर्ने।

(ङ) पटि वा टोल तथा समाज र वडा वा नगर सञ्चालनको लागि समयसापेक्ष र आवश्यक प्रथा प्रचलन वा परम्परा तथा प्रथाजनित नियम बनाउँने वा संशोधन गर्ने।

(च) जेबार, माँइन्जन र थानपति वा जेठरैत, लिखन्दार, मँनसी वा मुँनसी, (जेबारको सचिव वा कार्यालय सहायक), पुरहित वा पण्डित वा गुरुबा, गोराइत, रजहैंन धामी, चौकीदार लगायतका प्रथाजनित पदाधिकारीहरूलाई दिइने सेवा सुविधा निर्धारण गर्ने।

(छ) बैठकी वा सभाको कार्य क्षेत्र अन्तरगतका थारु घरधुरीको अद्यावधिक विवरण तयारी गरी अनुमोदन गर्ने।

(ज) बसाईसराई गरी समावेश हुन आउने नयाँ थारु घरधुरीहरूलाई समावेश गरी सदस्यता प्रदान गर्ने।

(झ) घरधुरी सदस्यता शुल्क लिने भए सोको निर्णय गर्ने।

(ञ) नेतृत्व छनौट गर्ने सभाको लागि प्रतिनिधि छनौट गरी पठाउने।

## परिच्छेद-४
## जेबार, माँइन्जन (माँइन्जन) छनौटका लागि गाउँ सभा, वडा सभा र नगर सभा सम्बन्धी व्यवस्था

**१६. जेबार छनौट सम्बन्धी व्यवस्थाः**

गाउँ जेबार छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेको छः

(क) गाउँ क्षेत्रभित्रका विभिन्न पटि, टोल वा समाजको नेतृत्व गर्न आवश्यक संख्यामा जेबार छान्नका लागि उक्त गाउँका प्रत्येक थारु घरधुरीबाट एक महिला र एक पुरूष गरी दुई जना प्रतिनिधि सहभागी भएको सर्वोच्च अंगको रूपमा प्रत्येक ३ (तीन) वर्षमा तिलासङ्कराइत अगावै गाँम बैठकी (गाउँ सभा) बस्नेछ।

(ख) गाँम बैठकी बस्ने मिति, समय र स्थान उक्त बैठकी बस्नुभन्दा कम्तीमा ५ दिन अगावै जेबारले आफै वा गोराइतमार्फत् सूचना दिनु पर्नेछ र यसका अलावा बैठकी वा सभा हुनुभन्दा एक दिन अगावै वा सम्भव भएमा सोही दिन पनि पुनः गोराइतमार्फत् गाउँका सम्पूर्ण घरमा खबर गरी जानकारी गराउनु पर्नेछ।

(ग) प्रत्येक ३ वर्षमा अगहन (मंसिर) मसान्तभित्रमा गाँम बैठकी (गाउँ सभा) सम्पन्न गरी जेबार छनौट गर्नु पर्नेछ।

(घ) गाँम बैठकी वा गाउँ सभाले जेबार पद्धति/प्रणाली अन्तर्गत गाउँका प्रत्येक पटि (पटी) वा टोल वा समाजका लागि अलग-अलग जेबार छनौट गर्नु पर्नेछ र जेबार छनौट गर्दा महिलाबाट पनि छनौट गर्न सकिनेछ।

(ङ) एउटा गाउँमा कति जना जेबार छनौट गर्ने भन्ने विषयमा गाँम बैठकी वा गाउँ सभाले नै निर्णय गरी सोही संख्यामा जेबार छनौट गर्नु पर्नेछ।

(च) गाँम बैठकी वा गाउँ सभाले जेबार छनौट गर्ने क्रममा खोजपतार गरी थानपति वा जेठरैत, लिखन्दार, मँनसी वा मुँनसी (जेबारको सचिव वा कार्यालय सहायक), पुरहित वा पण्डित वा गुरुबा, गोराइत, रजहैन धामी, चौकीदार र आवश्यकता अनुसारका अन्य प्रथाजनित पदहरूमा योग्य व्यक्तिहरूको छनौट गर्नु पर्नेछ र यी पदहरूमा छनौट गर्दा योग्य महिलाहरूबाट पनि छनौट गर्न सकिनेछ।

(छ) छनौट भएका जेबार र थानपति वा जेठरैत, लिखन्दार, गोराइत, चौकीदारहरूको नाम, ठेगाना र सम्पर्क नम्बर वडा माँइन्जन (माँइन्जन) र वडा कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

(ज) गाँम बैठकी वा गाउँ सभाले प्रत्येक जेबार मातहत लैङ्गिक सन्तुलन हुनेगरी बढीमा ७ जनासम्म थप सदस्य/सहायक जेबारहरूको छनौट गर्न सक्नेछ र यसरी सहायक जेबारहरू छनौट गर्दा कम्तीमा पचास प्रतिशत महिला छनौट गर्नु पर्नेछ।

(झ) गाँम बैठकी वा गाउँ सभाले, वडा बैठकी वा वडा सभाबाट वडा माँइन्जन छनौटको लागि गाउँको मुख्य जेबार बाहेकका व्यक्तिहरू मध्येबाट दुई महिला र दुई पुरूष

गरी चारजना प्रतिनिधिहरूको चयन गर्नु पर्नेछ र यसरी प्रतिनिधि छनौट गर्दा सहायक जेबारहरूबाट पनि छनौट गर्न सकिनेछ।

(ञ) जेबार वा सहायक जेबार लगायतका अन्य प्रथाजनित पदहरू कुनै कारणवशः रिक्त हुन गएमा उक्त पद पूर्तिका लागि जुनसुकै बेला पनि गाँम बैठकीका कम्तीमा पचास प्रतिशत (५०%) प्रतिनिधिको उपस्थितिमा रीतपूर्वक उक्त पदमा पदपूर्ती गर्न सकिनेछ।

(ट) गाँम बैठकी वा गाउँ सभामा सम्बन्धित वडाका जनप्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

१७. **वडा माँइन्जन छनौट सम्बन्धी व्यवस्थाः**

वडा माँइन्जन छनौटका लागि वडा बैठकी वा वडा सभा सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेको छः

(क) वडा माँइन्जन छनौटका लागि प्रत्येक ३ वर्षमा तिला सङ्क्राइत अगावै पुष मसान्तभित्रमा वडा बैठकी (वडा सभा) सम्पन्न गरी वडा माँइन्जन छनौट गर्नु पर्नेछ।

(ख) वडा बैठकी वा वडा सभा गर्नु अगाडि नै सबै गाउँको गाँम बैठकी वा गाउँ सभा सम्पन्न भई जेबारहरू छनौट भएपछि मात्र वडा बैठकी वा वडा सभा बस्नु पर्नेछ।

(ग) वडा माँइन्जनले आफ्नो वडाका गाउँहरूमा रहेका जेबारहरूलाई वडा बैठकी (सभा) गर्नुभन्दा पहिला नै अनिवार्य रूपमा गाउँ बैठकी वा गाउँ सभा बसी जेबारहरू छनौट गर्न लगाउनु पर्नेछ।

(घ) गाउँ बैठकी वा गाउँ सभाबाट जेबार छनौट नगरेका गाउँबाट वडा बैठकी वा वडा सभामा प्रतिनिधि पठाउन पाइने छैन।

(ङ) वडा बैठकी वा वडा सभामा देहाय बमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन्ः

(१) गाउँ बैठकी वा गाउँ सभाले छनौट गरेका २ महिला र २ पुरूष प्रतिनिधि गरी ४ जना।

(२) प्रत्येक गाउँको पटि वा टोल वा समाजमा रहेका जेबारहरू।

(३) प्रत्येक गाउँमा रहेका थानपति वा जेठरैत, लिखन्दार र पुरहित वा पण्डित वा गुरुबा।

(४) वडा माँइन्जन, सहायक वडा माँइन्जन र वडा माँइन्जन समितिका पदाधिकारी र सदस्यहरू।

(५) सम्बन्धित वडाका यो ऐन अन्तरगत सूचिकृत भएका प्रत्येक थारु घरधुरी प्रतिनिधिहरू।

(च) वडा बैठकी वा वडा सभा बस्नुभन्दा ७ दिन अगावै वडा सभामा आउने प्रतिनिधिहरूलाई वडा बैठकी वा वडा सभा बस्ने मिति, समय र स्थान बारे जानकारी गराउनु पर्नेछ।

(छ) वडा बैठकी वा वडा सभाका प्रतिनिधिहरू मध्येबाट देहाय बमोजिमका माँइन्जन र अन्य पदाधिकारी वा सदस्यहरू छनौट गर्नु पर्नेछः

(१) वडा माँइन्जन १ जना (महिला वा पुरूष)

(२) सहायक माँइन्जन २ जना (एक महिला र एक पुरूष गरी)

(३) लिखन्दार वा सचिव वा कार्यालय सहायक १ जना

(४) आवश्यकता अनुसार अन्य प्रथाजनित पदाधिकारीहरू (२ महिला र २ पुरूष गरी बढीमा ४ जना)

(५) वडा माँइन्जनले छनौट वा मनोनयन गर्ने देबाँन १ जना।

(ज) वडामा वडा माँइन्जन १ जना, सहायक माँइन्जन २ जना र अन्य प्रथाजनित पदाधिकारीहरू ४ जना गरी वडामा वडा माँइन्जन मातहत ७ सदस्यीय वडा माँइन्जन समिति रहनेछ।

(झ) भूतपूर्व वा निःवर्तमान माँइन्जन उक्त कार्यसमितिमा पदेन सदस्य रहनेछन् र कार्यसमितिमा वर्तमान माँइन्जनपछि भूतपूर्व वा निःवर्तमान माँइन्जनको मर्यादा वा वरियताक्रम रहनेछ।

(ञ) गाउँमा रहेका मुख्य जेबारहरू, नेपाल सरकार र यो ऐन अन्तरगत व्यवस्था गरिएका कर्मचारीहरू वडा माँइन्जन पदका लागि उम्मेदवार हुन पाउने छैनन् । तर, नेपाल सरकारका अवकाश प्राप्त सेवानिवृत्त कर्मचारी प्रक्रिया पुर्याई रीतपूर्वक उम्मेदवार हुन सक्नेछ ।

(ट) वडा माँइन्जन अन्तर्गत कारणवशः कुनै पद रिक्त हुन गएमा वडा माँइन्जन समितिको बैठक बसी रीतपूर्वक पदपूर्ती गर्न सकिनेछ ।

१८. **नगर माँइन्जन छनौट सम्बन्धी व्यवस्था :**

(१) नगर माँइन्जन छनौटका लागि प्रत्येक ३ वर्षमा त्रिशरणको (बुद्धि/ज्ञान, असलकाम/सुकार्य र समाजको शरण) अनुसरण गर्दै माघे सङ्क्रान्तिको दिन, माघ महिनाको १ गते तिला सङ्कराइत पाबैन/पर्वको अवसरमा सोही दिन नगर बैठकी (नगर सभा) सम्पन्न गरी नगर माँइन्जन छनौट गर्नु पर्नेछ।

(२) नगरपालिका क्षेत्रमा रहेका वडा माँइन्जनहरूले वडामा वडा बैठकी वा वडा सभा सम्पन्न गरी वडा माँइन्जनहरू छनौट भएपछि मात्र नगर बैठकी वा नगर सभा बस्नु पर्नेछ।

(३) नगर माँइन्जनले आफ्नो नगर क्षेत्रको वडामा रहेका वडा माँइन्जनहरूलाई नगर बैठकी वा नगर सभा बस्ने मितिभन्दा पहिला नै अनिवार्य रूपमा तोकिएकै समयमा वडा बैठकी वा वडा सभा बसी वडा माँइन्जनहरू छनौट गर्न लगाउनु पर्नेछ।

(४) वडा बैठकी वा वडा सभा गरी वा नगरी वडा माँइन्जन छनौट नगरेका वडाबाट नगर बैठकी वा नगर सभामा प्रतिनिधि पठाउन पाइने छैन।

(५) नगर बैठकी वा नगर सभामा देहाय बमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन्ः

(क) सबै वडाका वडा माँइन्जनहरू।

(ख) वडाका सहायक माँइन्जनहरू मध्येबाट वडा माँइन्जन समितिले छानेका १ जना महिला र १ जना पुरूष गरी २ जना।

(ग) नगर माँइन्जन हुन योग्यता पुग्ने व्यक्तिहरू मध्येबाट वडा माँइन्जन समितिले छानेका १ जना महिला र १ जना पुरूष गरी २ जना।

(घ) सबै पटि/समाज, टोल, गाउँका जेबारहरू।

(ङ) नगर माँइन्जन, सहायक नगर माँइन्जन र नगर माँइन्जन समितिका पदाधिकारी र सदस्यहरू।

(च) सम्बन्धित नगरपालिकामा यो ऐन अन्तरगत सूचिकृत भएका टोल, गाउँ, वडा वा नगरका प्रत्येक थारु घरधुरी प्रतिनिधिहरू।

(६) नगर बैठकी वा नगर सभा बस्नुभन्दा ७ दिन अगावै नगर बैठकी वा सभामा आउने प्रतिनिधिहरूलाई नगर बैठकी वा नगर सभा बस्ने मिति, समय र स्थान बारे जानकारी गराउनु पर्नेछ।

(७) नगर बैठकी वा नगर सभाका प्रतिनिधिहरू मध्येबाट देहाय बमोजिमका माँइन्जन र अन्य पदाधिकारी वा सदस्यहरू छनौट गर्नु पर्नेछः

(१) नगर माँइन्जन १ जना (महिला वा पुरूष)

(२) सहायक नगर माँइन्जन एक महिला र एक पुरूष गरी २ जना

(३) लिखन्दार वा सचिव वा कार्यालय सहायक १ जना

(४) आवश्यकता अनुसार अन्य प्रथाजनित पदाधिकारीहरू (३ महिला र ३ पुरूष गरी बढीमा ६ जना)

(५) नगर माँइन्जनले छनौट वा मनोनयन गर्ने नगर देबाँन १ जना।

(८) नगरमा नगर माँइन्जन १ जना, सहायक नगर माँइन्जन २ जना र अन्य प्रथाजनित पदाधिकारीहरू ६ जना गरी नगरमा नगर माँइन्जन मातहत ९ सदस्यीय नगर माँइन्जन समिति रहनेछ।

(९) भूतपूर्व वा निःवर्तमान माँइन्जन उक्त कार्यसमितिमा पदेन सदस्य रहनेछन् र कार्य समितिमा वर्तमान माँइन्जनपछि भूतपूर्व वा निःवर्तमान माँइन्जन मर्यादा वा वरियताक्रममा रहनेछ।

(१०) नगर माँइन्जन समितिले नै नगरपालिका क्षेत्रमा थारु समुदायको मूल प्रथाजनित संस्थाको रूपमा काम गर्नेछ।

(११) गाउँमा रहेका जेबारहरू र वडामा रहेका वडा माँइन्जनहरू, नेपाल सरकार र यो ऐन अन्तरगत व्यवस्था गरिएका कर्मचारीहरू नगर माँइन्जन पदका लागि

उम्मेदवार हुन पाउने छैनन्। तर, नेपाल सरकारका अवकाश प्राप्त सेवानिवृत्त कर्मचारी प्रक्रिया पुऱ्याई रीतपूर्वक उम्मेदवार हुन सक्नेछ।

(१२) नगर माँइन्जन समिति अन्तर्गत कारणवशः कुनै पद रिक्त हुन गएमा नगर माँइन्जन समितिको बैठक बसी रीतपूर्वक पदपूर्ति गर्न सकिनेछ।

(१३) नगर माँइन्जन समिति अन्तर्गत देहाय बमोजिमका वा यस्तै प्रकृतिका विभिन्न समिति, उप-समितिहरू गठन गर्न सकिनेछः

(१) लेखा समिति
(२) भसा/भाषा, संस्कृति तथा सांस्कृतिक समिति
(३) थारु शिक्षा र खोज अनुसन्धान तथा प्रचार प्रसार समिति, उप-समिति
(४) बौवाबुची/बालबचा/धीयापुता/बालबालिका, युवा तथा खेलकुद समिति
(५) योजना तथा सामुदायिक विकास समिति, उप-समिति
(६) समाज कल्याण र सामाजिक सुरक्षा समिति, उप-समिति
(७) जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन उप-समिति
(८) वातावरण र प्राकृतिक स्रोत ब्यस्थापन समित, उप-समिति
(९) जनीँजाईत र येकल जनीँ (असगर जनीँ) समिति
(१०) विदेश समन्वय समिति, उप-समिति
(११) धामीझाँक्री समिति

## १९. नगर माँइन्जन समितिको सचिवालयः

(१) नगर माँइन्जन समितिको कार्यलाई व्यवस्थित गर्नको लागि वर्तमान नगर माँइन्जन, एक जना महिला सहायक नगर माँइन्जन र एक जना लिखन्दार गरी ३ जनाको सचिवालय रहनेछ।

(२) नगर माँइन्जन समितिको बैठक नबसेको समयमा वा बस्न नसक्ने अवस्थामा दैनिक रूपमा गर्नुपर्ने कामहरू नगर माँइन्जन समितिको सचिवालयले गर्नेछ र यसरी गरिएका कार्यहरू समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ।

## २०. अनुगमन तथा मूल्याङ्कन समिति :

(१) जेबार, वडा माँइन्जन र नगर माँइन्जनका क्रियाकलापहरूको अनुगमन तथा मूल्याङ्कन गरी सुझाव दिनका लागि अनुगमन तथा मूल्याङ्कनका विषयमा अनुभव भएका व्यक्तिहरूको प्रतिनिधित्व हुनेगरी एक जना महिला सहित ३ सदस्यीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्न सकिनेछ।

(२) अनुगमन तथा मूल्याङ्कन समितिले आफ्नो कार्यविधि आफै तय गर्नेछ।

२१. **सल्लाहकार समितिः**

वडा माँइन्जन समिति र नगर माँइन्जन समितिमा माँइन्जनले महिलाको समेत प्रतिनिधित्व हुनेगरी विभिन्न विषयमा अनुभव भएका बढीमा ५ जनासम्म सल्लाहकारहरू मनोनयन गर्न सक्नेछ।

२२. **कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) जेबार र वडा माँइन्जन समिति वा नगर माँइन्जन समितिले आवश्यक पर्ने कर्मचारी नियुक्त गर्न सक्नेछ।

(२) कर्मचारीको नियुक्ति, सेवा, सुविधा, तलव, भत्ता, समयावधि, काम, कर्तव्य र अधिकार सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) कर्मचारीहरूले जेबार, माँइन्जन र लिखन्दार वा सचिव र सचिवालयको निगरानी र मातहतमा रही कार्य गर्नु पर्नेछ।

२३. **निर्वाचन सम्बन्धी व्यवस्थाः**

(१) यस ऐन बमोजिम जेबार, माँइन्जन प्रणाली/पद्धति अन्तर्गतका पदहरूमा छनौट गर्दा सहमतिमा छनौट गर्न प्राथमिकता दिनु पर्नेछ।

(२) सहमति हुन नसकेका पदहरूमा मात्र जेबारको हकमा घरधुरीका प्रतिनिधिले र माँइन्जनको हकमा सभाका प्रतिनिधिहरूले मतदानद्वारा निर्वाचन गरी छनौट गर्नु पर्नेछ।

(३) जेबार, माँइन्जन प्रणाली/पद्धति अन्तर्गतका पदहरूमा छनौट गर्नका लागि निर्वाचनको विषयमा अनुभव भएका व्यक्तिहरू मध्येबाट कम्तीमा एक जना महिला सहित तीन (३) सदस्यीय निर्वाचन समिति गठन गर्नु पर्नेछ।

(४) निर्वाचन सम्बन्धी नियमहरू र निर्वाचन आचार-संहिता निर्वाचन समिति आफैले निर्धारण गर्नेछ।

(५) निर्वाचन प्रयोजनका लागि नगर माँइन्जन समितिले निर्वाचन नियमावली बनाई निर्वाचन समितिमार्फत् लागू गर्न सक्नेछ।

२४. **उम्मेदवार :**

(१) कुनै पनि व्यक्ति जेबार, माँइन्जन पदमा लगातार २ पटकभन्दा बढी कार्यकालका लागि उम्मेदवार बन्न पाउने छैन।

(२) उम्मेदवार हुनका लागि सम्बन्धित पदका लागि योग्यता पुगेको योग्य व्यक्ति हुनु पर्नेछ।

(३) एउटै व्यक्ति एकभन्दा बढी तहमा उम्मेदवार बन्न र एक तह भन्दा बढी तहमा पदाधिकारी हुन पाउने छैन।

२५. **गाँम बैठकी वा गाउँ सभा, वडा सभा र नगर सभाको कार्यविधिः**

गाँम बैठकी वा गाउँ सभा, वडा सभा र नगर सभाको कार्यविधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) नियमित गाउँ बैठकी बाहेक जेबारले आफ्नो पटि वा टोलको आवश्यकता अनुसार जुनसुकै समयमा पनि पटि वा टोल भेला तथा गाउँ बैठकी बोलाउन सक्नेछ।

(ख) वडा माँइन्जनले महिनामा एक पटक र अन्य समयमा आवश्यकता अनुसार वडा माँइन्जन समितिको बैठक आयोजना गर्नु पर्नेछ।

(ग) नगर माँइन्जनले ३ महिनामा एक पटक र अन्य समयमा आवश्यकता अनुसार नगर माँइन्जन समितिको बैठक आयोजना गर्नु पर्नेछ।

(घ) पटि (समाज), गाउँ बैठकीको जेबारले, वडा बैठकीको वडा माँइन्जनले र नगर बैठकीको नगर माँइन्जनले अध्यक्षता गर्नेछ र निजहरूको अनुपस्थितिमा सहायक माँइन्जन मध्ये सहमतिमा कुनै एक जना सहायक माँइन्जनले पनि बैठकीको अध्यक्षता गर्न सक्नेछ।

(ङ) वडा माँइन्जन समिति र नगर माँइन्जन समितिको बैठक बस्दा बहुमत सदस्यको उपस्थिति हुनु पर्नेछ भने वडा बैठकी वा वडा सभा तथा नगर बैठकी वा नगर सभा बस्दा कूल प्रतिनिधि संख्याको कम्तीमा दुई तिहाई उपस्थित भएको हुनु पर्नेछ।

(च) बैठकी वा सभामा छलफल गरी निर्णय गर्दा वा नेतृत्व चयन गर्दा सहमतिबाट निर्णय वा नेतृत्व छनौट गर्नु पर्नेछ र सहमति हुन नसकेमा मात्र बहुमतले निर्णय गर्नु पर्नेछ।

(छ) एकपटक गणपूरक संख्या नपुगी बैठकी वा सभा स्थागित भई अर्को पटक बैठकी वा सभा बस्दा बहुमत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

२६. **गोपनियताः**

जेबार, माँइन्जन लगायतका कुनै पनि पदाधिकारी र सदस्यहरूले आफ्नो पद्धति वा प्रणाली र संस्थाको गोपनियता भङ्ग हुने खालका क्रियाकलाप गर्न पाईने छैन।

## परिच्छेद-४
## थारु समुदायमा प्रथाजनित पदका लागि हुनुपर्ने योग्यता, अयोग्यता, अविश्वासको प्रस्ताव र पद रिक्तता

२७. **थारु समुदायमा जेबार, माँइन्जन लगायतका प्रथाजनित पदका लागि हुनुपर्ने योग्यताः** थारु समुदायमा जेबार, माँइन्जन, थानपति (जेठरैत) लगायतका विभिन्न प्रथाजनित पदका लागि छनौट हुन चाहिने महिला, पुरूषमा हुनुपर्ने योग्यता देहाय बमोजिम रहेको छ :

**(क) जेबार**

(१) सम्बन्धित पटी वा टोलमा घरधुरी भएको थारु समुदायको व्यक्ति हुनु पर्ने।
(२) सम्बन्धित पटी वा टोल र गाउँमा कम्तीमा ५ वर्ष लगातार बसोबास गरेको हुनुपर्ने।
(३) १८ वर्ष उमेर पूरा गरेको बालिग नेपाली नागरिक हुनु पर्ने।
(४) वर्षैंभरि गाउँमा नियमित बसोबास गर्ने हुनु पर्ने।
(५) सार्वजनिक वित्त वा सम्पत्ति हिनामिना नगरेको व्यक्ति हुनु पर्ने।
(६) पूर्वाग्रही स्वभाव नभएको व्यक्ति हुनु पर्ने।
(७) नैतिक आचरण वा चरित्र सही भएको र मर्यादित हुनु पर्ने।

**(ख) वडा वा नगर माँइन्जन र सहायक माँइन्जन**

(१) सम्बन्धित वडाको घरधुरी भएको थारु समुदायको व्यक्ति हुनु पर्ने।
(२) सम्बन्धित वडामा कम्तीमा ५ वर्ष लगातार बसोबास गरेको हुनु पर्ने।
(३) १८ वर्ष उमेर पूरा गरेको बालिग नेपाली नागरिक हुनु पर्ने।
(४) वर्षैंभरि गाउँ तथा वडामा नियमित बसोबास गर्ने।
(५) सार्वजनिक वित्त वा सम्पत्ति र आफ्नो हकअधिकार भएको वा स्वामित्वमा रहेको पुर्ख्यौली वित्त वा सम्पत्ति हिनामिना नगरेको व्यक्ति हुनु पर्ने।
(६) पूर्वाग्रही स्वभाव नभएको व्यक्ति हुनु पर्ने।
(७) नैतिक आचरण वा चरित्र सही भएको र मर्यादित हुनु पर्ने।

**(ग) थानपति (जेठरैत वा जेठरइत, ग्रामथान प्रमुख, ग्रामदेव पूजारी)**

(१) सम्बन्धित गाउँमा घरधुरी भएको थारु समुदायको व्यक्ति हुनु पर्ने।
(२) सम्बन्धित वडामा कम्तीमा ५ वर्ष लगातार बसोबास गरेको हुनु पर्ने।
(३) १८ वर्ष उमेर पूरा गरेको बालिग नेपाली नागरिक हुनु पर्ने।
(४) वर्षैंभरि गाउँ तथा वडामा नियमित बसोबास गर्ने हुनु पर्ने।

(५) सार्वजनिक वित्त वा सम्पत्ति र आफ्नो हकअधिकार भएको वा स्वामित्वमा रहेको पुख्यौंली वित्त वा सम्पत्ति हिनामिना नगरेको व्यक्ति हुनु पर्ने।

(६) पूर्वाग्रही स्वभाव नभएको व्यक्ति हुनु पर्ने।

(७) नैतिक आचरण वा चरित्र सही भएको र मर्यादित हुनु पर्ने।

(८) परम्परागत रूपमा थारु धर्म, संस्कृति अनुसार पूजाआजा गर्ने-गराउने ज्ञान र अनुभव भएको व्यक्ति हुनु पर्ने।

**(घ) गोराइत**

(१) सम्बन्धित गाउँमा घरधुरी भएको थारु समुदायको व्यक्ति हुनु पर्ने वा गाउँ नजिकैको अन्य छिमेकी गाउँको आदिवासी जनजाति वा दलित वा पिछड़िएको, पछाड़ि पारिएको वा पिछड़ा वर्गबाट पनि गोराइत छनौट हुन सक्ने।

(२) सम्बन्धित गाउँ वा छिमेकी गाउँमा कम्तीमा ५ वर्ष लगातार बसोबास गरेको हुनु पर्ने।

(३) १८ वर्ष उमेर पूरा गरेको बालिग नेपाली नागरिक हुनु पर्ने।

(४) वर्षैंभरि गाउँ तथा वडामा नियमित बसोबास गर्ने हुनु पर्ने।

(५) सार्वजनिक वित्त वा सम्पत्ति हिनामिना नगरेको व्यक्ति हुनु पर्ने।

(६) पूर्वाग्रही स्वभाव नभएको व्यक्ति हुनु पर्ने।

(७) नैतिक आचरण वा चरित्र सही भएको र मर्यादित हुनु पर्ने।

(८) शारीरिक रूपमा स्वस्थ हुनु पर्ने।

**(ङ) धामी वा झाँक्री (धामीझाँक्री)**

(१) सम्बन्धित गाउँमा घरधुरी भएको थारु समुदायको व्यक्ति हुनु पर्ने वा नजिकैको छिमेकी गाउँको बासिन्दा भएपनि धामी वा झाँक्रीको अनुभव भएको व्यक्ति धामी वा झाँक्री हुन सक्ने।

(२) सम्भव भएसम्म सम्बन्धित गाउँमा घरधुरी भएको थारु समुदायको व्यक्तिबाट नै धामीझाँक्रीको रूपमा छनौट गर्न प्राथमिकता दिनु पर्ने।

(३) सम्बन्धित गाउँ वा छिमेकी गाउँमा कम्तीमा ५ वर्ष लगातार बसोबास गरेको हुनु पर्ने।

(४) सम्बन्धित गाउँको लोक विश्वास, परम्परागत संस्कृति र मान्यता मुताबिक जानीबुझी अनुभव गरेको जानकार, अनुभवी र मन्त्रोचारण गर्न जानेको अथवा मन्त्र, गुनधून (गुन, विद्या), टोनाँटापर (टुनामुना) जानेको साथै आयुर्वेदको सामान्य जानकारी भएको हुनु पर्ने।

(५) १८ वर्ष उमेर पूरा गरेको बालिग नेपाली नागरिक हुनु पर्ने।

(६) शारीरिक र मानसिक रूपमा स्वस्थ हुनु पर्ने।

(७) वर्षैभरि गाउँ तथा वडामा नियमित बसोबास गर्ने हुनु पर्ने।
(८) दीनदुःखी वा बिरामीहरूलाई हृदयदेखि नै सेवा गर्ने भावना भएको हुनु पर्ने।
(९) पूर्वाग्रही स्वभाव नभएको व्यक्ति हुनु पर्ने।
(१०) नैतिक आचरण वा चरित्र सही भएको र मर्यादित हुनु पर्ने।
(११) सार्वजनिक वित्त वा सम्पत्ति हिनामिना नगरेको व्यक्ति हुनु पर्ने।

**(च) रजहैंन धामी वा रजहैंन**

(१) सम्बन्धित गाउँमा घरधुरी भएको थारु समुदायको व्यक्ति हुनु पर्ने वा नजिकैको छिमेकी गाउँको बासिन्दा भएपनि रजहैंन धामीको अनुभव भएको व्यक्ति धामी वा झाँक्री हुन सक्ने अथवा रजबाँतर (राजबाँतर) समुदाय वा थरका व्यक्ति रजहैंन धामी हुन सक्ने।
(२) सम्बन्धित गाउँ वा छिमेकी गाउँमा कम्तीमा ५ वर्ष लगातार बसोबास गरेको हुनु पर्ने।
(३) सम्बन्धित गाउँको लोक विश्वास, परम्परागत संस्कृति र मान्यता मुताबिक जानीबुझी अनुभव गरेको जानकार, अनुभवी साथै समयसापेक्ष सकारात्मक परिवर्तनशील ढंगले सामूहिक रूपमा हुने पूजाअर्चना र मन्त्रोचारण गर्न जानेको अथवा मन्त्र, गुनधून (गुन, विद्या), टोनाँटापर (टुनामुना) जानेको हुनु पर्ने।
(४) १८ वर्ष उमेर पूरा गरेको बालिग नेपाली नागरिक हुनु पर्ने।
(५) शारीरिक रूपमा स्वस्थ हुनु पर्ने।
(६) वर्षैभरि गाउँ तथा वडामा नियमित बसोबास गर्ने हुनु पर्ने।
(७) दीनदुःखी वा बिरामीहरूलाई हृदयदेखि नै सेवा गर्ने भावना भएको हुनु पर्ने।
(८) पूर्वाग्रही स्वभाव नभएको व्यक्ति हुनु पर्ने।
(९) नैतिक आचरण वा चरित्र सही भएको र मर्यादित हुनु पर्ने।
(१०) सार्वजनिक वित्त वा सम्पत्ति हिनामिना नगरेको व्यक्ति हुनु पर्ने।

**(छ) पण्डित वा पुरहित वा पुरोहित वा बाबहँन वा ब्राह्मण**

(१) सम्बन्धित गाउँ वा गाउँ नजिकैको अन्य छिमेकी गाउँको भएपनि गाउँको हित वा भलो चाहने थारु पण्डित (पुरहित, पुरोहित) हुनु पर्ने वा थारु पण्डित उपलब्ध हुन नसकेमा जनसमुदाय वा घरधुरीले इच्छाएको सज्जन ब्राह्मण वा अन्य जातिको पण्डित हुनु पर्ने।
(२) सम्बन्धित गाउँ वा नजिकैको छिमेकी गाउँमा कम्तीमा ५ वर्ष लगातार बसोबास गरेको हुनु पर्ने।
(३) वर्षैभरि गाउँमा बसोवास गर्ने पण्डित वा पुरहित वा पुरोहित हुनु पर्ने।

(४) सम्बन्धित समुदायको लोक विश्वास, परम्परागत संस्कृति र मान्यता अनुसार धर्मदान, दीक्षादान गरिआएको वा गर्न चाहने, आध्यात्मिक चिन्तन, अध्ययन, अध्यापन, खोज अनुसन्धान गरेको जानकार र अनुभवी हुनु पर्ने।

(५) समयसापेक्ष सकारात्मक परिवर्तनशील वा परिवर्तित ढंगले व्यक्तिगत, घरायसी (पारिवारिक) वा सामूहिक रूपमा हुने विवाह, व्रतवन्ध (मुरौन, मथमुरैंन, घरपूजा, मुण्डन), व्रत, पूजा, जन्मदिवस उत्सव वा पूजा, भगवान पूजाअर्चना र मन्त्रोचारण गर्न जानेको तथा वास्तु शास्त्रको ज्ञान भएको साथै नगरको हित वा भलो चाहने भावना भएको हुनु पर्ने।

(६) पूर्वाग्रही स्वभाव नभएको, स्वतन्त्रता, समानता, भाइचारा, सहयोग र सद्भावको भावना भएको हुनु पर्ने।

(७) १८ वर्ष पूरा गरेको बालिग नेपाली नागरिक हुनु पर्ने।

(८) नैतिक आचरण वा चरित्र सही भएको र मर्यादित हुनु पर्ने।

**२८. अयोग्यताः**

देहायको अवस्थाका व्यक्तिहरू जेबार, माँइन्जन, थानपति (जेठरैत) लगायतका प्रथाजनित पदमा रहन अयोग्य भएको मानिनेछः

(क) यस ऐनमा गरिएका व्यवस्था र थारु समुदायको प्रथाजनित मूल्य मान्यता विपरीतका कार्य गरे-गराएको प्रमाणित भएमा।

(ख) मान्यता प्राप्त स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मी वा चिकित्सकबाट मानसिक सन्तुलन गुमाएको अथवा मगज बिग्रेको प्रमाणित भएमा।

(ग) दीर्घ रोगी वा बिरामी भई वा अस्वस्थ र अशक्त भई आफ्नो पदीय जिम्मेवारी वहन गर्न नसकेमा।

(घ) नैतिक पतन हुने वा चरित्रहीन हुने फौजदारी अपराध गरेको प्रमाणित भएमा।

(ङ) सामाजिक संघ-संस्थाको वा सार्वजनिक वित्त हिनामिना वा अख्तियार दुरूपयोग गरेको प्रमाणित भएमा।

**२९. अविश्वासको प्रस्ताव :**

(१) जेबार, माँइन्जन, थानपति लगायतका कुनै पनि पदाधिकारी वा सदस्य उपर नियमित बैठकमा अविश्वासको प्रस्ताव ल्याउन चाहेमा गाउँ बैठकी वा वडा बैठकी वा नगर बैठकी बस्नुभन्दा २४ घण्टा पहिला कूल प्रतिनिधि मध्ये कम्तीमा २५% (प्रतिशत) प्रतिनिधिको दस्तखत सहित अविश्वासको प्रस्ताव दर्ता गराउनु पर्नेछ।

(२) नियमित बैठकी वा सभा नबसेको अवस्थामा पनि गाउँ बैठकी वा वडा बैठकी वा नगर बैठकीका कूल प्रतिनिधि मध्ये २५% (प्रतिशत) प्रतिनिधिको दस्तखत

सहित अविश्वासको प्रस्ताव दर्ता गरी बिशेष सभा वा बैठकी आयोजना गर्न माग गर्न सक्ने छन्।

(३) अविश्वासको प्रस्ताव उपर छलफल र निर्णय गर्दा गाउँ बैठकी वा वडा बैठकी वा नगर बैठकीका कूल प्रतिनिधि मध्ये ६०% (प्रतिशत) प्रतिनिधि उक्त प्रस्तावको पक्षमा भएमा बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएको मानिने छ र ६०% (प्रतिशत) बहुमत विना अविश्वासको प्रस्ताव पारित हुनेछैन।

३०. **पद रिक्तः**

(१) देहायको अवस्थमा पद रिक्त भएको मानिने छः

(क) आफ्नै स्वेच्छाले आफ्नो पदबाट लिखित राजीनामा पेश गरी बैठकबाट स्वीकृत भएमा।

(ख) बहुमत जनसमुदायले राजीनामा माग गरी लिखित राजीनामा दिएमा वा पदबाट हटाइएमा।

(ग) निधन भएमा।

(घ) अयोग्य ठहरी पदबाट हटे हटाइएमा।

(ङ) दुईतिहाई प्रतिनिधिले अविश्वासको प्रस्ताव पारित गरी पदबाट हटाएमा।

(च) समय-अवधि वा पदावधि समाप्त भएमा।

(छ) बहुमत जनसमुदायले राजीनामा माग गरी लिखित राजीनामा दिएमा वा पदबाट हटाइएमा।

(२) राजीनामा माग गरी अविश्वासको प्रस्ताव पेश गरी कुनै पनि जेबार वा माँइन्जन वा थानपति लगायतका पदाधिकारी वा सदस्यलाई पदबाट हटाउनु पूर्व निजलाई स्पष्टीकरण वा सफाई पेश गर्न ७ दिनको म्याद दिई उक्त स्पष्टीकरण वा सफाई चित्त बुझ्दो नभएमा मात्र सम्बन्धित तहको माँइन्जन समितिको बैठकबाट निर्णय गरी पदबाट हटाइनेछ।

(३) उपदफा (२) बमोजिम पदबाट हटाउने निर्णय गरेमा माँइन्जन समितिको लिखन्दार वा सचिवले सोको जानकारी निर्णय भएको मितिले ७ दिनभित्रमा उक्त पदबाट हटाईएको व्यक्तिलाई दिनु पर्नेछ।

(४) पदबाट हटाइएको निर्णय उपर चित्त नबुझेमा उपदफा (३) बमोजिमको पत्र प्राप्त गरेको मितिले १५ दिनभित्रमा सो निर्णय उपर नगरपालिकाको न्यायिक समितिमा निवेदन गर्न सकिनेछ।

## परिच्छेद-५
## जेबार र माँइन्जन लगायतका प्रथाजनित पदमा रहेका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**३१. जेबार र माँइन्जन लगायतका प्रथाजनित पदमा रहेका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः**

जेबार र माँइन्जन लगायतका प्रथाजनित पदमा रहेका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

**(क) जेबार**

(१) सम्बन्धित पटी, समाज वा गाउँको संरक्षण गर्ने।

(२) बियाह (विवाह), मुरौन (मुण्डन), चूड़ाकर्म, केशकप्पन, व्रतवन्ध, सराद (श्राद्ध) लगायत अन्य विभिन्न सामाजिक कार्यहरूमा अगुवा भई कार्य गर्ने।

(३) सम्बन्धित पटी, समाज वा गाउँमा न्याय दिलाउन अग्रसर भई न्याय दिलाउन सक्नु पर्ने।

(४) विभिन्न कार्यको लागि आवश्यक परेको बेला माँइन्जनलाई सहयोग गर्नु पर्ने।

(५) संस्कृति संरक्षणमा योगदान पुऱ्याउनु पर्ने।

(६) अरू पटी वा गाउँका जेबार र माँइन्जन लगायत वडा कार्यालयका साथै नगरपालिकासँग सम्पर्क र समन्वय गर्नु पर्ने।

(७) आवश्यक अन्य कार्यहरू गर्नु-गराउनु पर्ने।

**(ख) माँइन्जन**

(१) सम्बन्धित गाउँ, वडा र नगरको संरक्षणमा योगदान पुऱ्याउनु पर्ने।

(२) थारु समुदाय र समस्त मानव जातिको मौलिक भाषा, साहित्य, भेषभूषा, लिपि, ललितकला, धर्म, संस्कृति संरक्षणमा योगदान गर्ने।

(३) बालीनाली लगायत जैविक विविधता अर्थात् चराचर जीवजन्तु, पशुपंक्षी र समस्त प्राकृतिक स्रोत र वातावरण (पर्यावरण) संरक्षणमा योगदान पुऱ्याउनु पर्ने।

(४) विपद् व्यवस्थापनमा महत्वपूर्ण तथा उल्लेखनीय भूमिका निर्वाह गर्नु पर्ने।

(५) आपतविपद्को बेलामा वडा, नगरपालिका, प्रदेश सरकार, संघीय सरकार र अन्य सहयोगी संघ-संस्थाहरूसँग सहयोग लिई विपद् व्यवस्थापन र राहत वितरण गर्नु-गराउनु पर्ने।

(६) दैवी प्रकोप, प्राकृतिक प्रकोप वा आपदविपदमा परेका व्यक्ति, घरपरिवारहरूलाई नैतिक, भौतिक, आर्थिक, सामाजिक आदि इत्यादि हरेक किसिमको सहयोग गर्नु पर्ने।

(७) शोषणदमन, थिचोमिचो वा अन्यायमा परेका पीडित व्यक्तिलाई सभा बोलाई सर-सल्लाह, परामर्श र छलफल गरी पक्षपातरहित र न्यायोचित निर्णय गरी-गराई न्याय दिलाउनु पर्ने।

(८) पुख्यौंली वा पैत्तृक सम्पत्ति बाँडफाँड वा अंशवंडा गर्न-गराउन चाहने अंशियारहरूको अंश समान अधिकार हुने गरी रीतपूर्वक न्यायोचित ढंगले बाँडफाँडमा सहयोग गर्नु-गराउनु पर्ने।

(९) बासस्थान नभएको अवस्थामा बासस्थान व्यवस्था गर्नु पर्ने र नयाँ बासस्थान बनाउन सहयोग गर्नु-गराउनु पर्ने।

(१०) गाउँ, नगरमा सम्पदाहरूको संरक्षणमा टेवा पुऱ्याउनु पर्ने।

(११) आवाजविहीनको आवाज वा गरिब निमुखाको आवाज वा विपन्नको आवाज उजागर गर्नु-गराउनु पर्ने र उनीहरूको आधारभूत आवश्यकता परिपूर्तिमा पहुँच पुऱ्याउन सहयोग गर्नु पर्ने।

(१२) सम्पूर्ण भेदभाव अन्त्य गर्न सदैव क्रियाशील रहनु पर्ने।

(१३) कुसंस्कार, कुरीति, विकृति, विसङ्गति, बेथितिहरूलाई त्याग्दै वा परिमार्जन गर्दै समयसापेक्ष परिवर्तनशील सकारात्मक र मानवताको मध्य नजर गर्दै परामर्शी रूपमा छलफल र सर-सल्लाह गरी निष्कर्षमा पुगी पक्षपातरहित भएर निर्णय गर्नु पर्ने।

(१४) कुनै व्यक्तिले न्याय पाउन मौखिक उजुरी गरेमा वा लिखित निवेदन गरेमा सभा बोलाई छलफल गरी-गराई मेलमिलाप गराउनु पर्ने र पक्ष विपक्ष दुवै बीच समझदारी कायम गराउनु पर्ने।

(१५) वडा, नगरपालिका, प्रहरी चौकी, न्यायिक समिति, मेलमिलाप केन्द्र, न्यायिक वा अर्धन्यायिक संघ-संस्थाबाट मेलमिलाप, सहजीकरण र मध्यस्थता गर्नका लागि अनुरोध आएमा उक्त कार्य गर्नु पर्ने।

(१६) वडा, नगरपालिका, प्रहरी चौकी, न्यायिक समिति, मेलमिलाप केन्द्र, न्यायिक वा अर्धन्यायिक संघ-संस्थामा आफ्नो कार्यक्षेत्रभित्रका वा टोल, गाउँ, नगरभित्रका घरपरिवार वा व्यक्तिसँग सम्बन्धित कुनै उजुरी, निवेदन वा मुद्दा पर्न गएमा त्यस्तो बैठक, छलफल र निर्णयमा सहभागी हुने वा प्रतिनिधि पठाउनु पर्ने।

(१७) आइ पर्ने कुनै पनि मामिलाहरूमा विवाद वा समस्या समाधान गर्दा प्रचलित ऐन, कानुन र अन्तरराष्ट्रिय कानुन बमोजिम गर्नु पर्ने।

(१८) टोल, गाउँ, वडा र नगर विकासको लागि योजना पहिचान गरी प्राथमिकताको आधारमा योजना छनौट गर्नु पर्ने र निर्माणको लागि पहल पनि गर्नु पर्ने।

(१९) सामुदायिक विकास निर्माण कार्यका लागि आवश्यक जनश्रमदान, जनशक्ति, स्रोत, साधन व्यवस्थापन र परिचालनमा सहयोग पुऱ्याउनु पर्ने।

(२०) सामुदायिक विकास निर्माण कार्यका लागि जनश्रमदान कार्यमा उपस्थित नहुने घर-परिवारलाई नियमानुसार जनश्रमदान बापतको रकम भुक्तानी गर्न लगाउनु पर्ने।

(२१) योजनाहरू छनौट र पास गरी-गराई सम्बन्धित निकायमा पठाउनु पर्ने।

(२२) सामुदायिक विकास निर्माण कार्य सम्पन्न भई सकेपछि सभाबाट अनुमोदन गराई सोको अभिलेख राखी फछ्यौंट् गर्नु पर्ने परियोजना भए फछ्यौंट्का लागि सम्बन्धित निकायमा पठाउने र फछ्यौंट् गर्नु नपर्ने भए जानकारी पठाउनु पर्ने।

(२३) सामुदायिक विकास निर्माण कार्यका लागि अनुदान वा सहयोग प्रदान गर्ने राष्ट्रिय, अन्तरराष्ट्रिय, सरकारी, गैर-सरकारी निकाय, संघ-संस्था, वित्तीय संस्थाहरूसँग अन्तरसम्बन्ध कायम गरी समन्वय, सहकार्य, सहयोग र सद्भावको भावना राखु पर्ने।

(२४) टोल, गाउँ, वडा, नगरमा सांस्कृतिक, धार्मिक पूजापाठ, पूजाआराधना, सांस्कृतिक कार्यक्रम, नाचगान, मौलिक ललितकला, संस्कृति, भेषभूषा, लिपि, भाषा, साहित्य र परम्परा संरक्षणका लागि वार्षिक कार्ययोजना बनाउनु पर्ने।

(२५) भितपतरा (टट्पतरा, भित्तेपात्रो) वा क्यालेण्डर बनाउनु पर्ने।

(२६) लोपोन्मूख मौलिक ललितकला, संस्कृति, भेषभूषा, लिपि, भाषा, साहित्य लेखन, स्वराँङ्कन, छायाँङ्कन, प्रदर्शन, प्रकाशन, वित्तरण, संरक्षण, संवर्द्धन र जगेर्नामा महत्वपूर्ण तथा उल्लेखनीय योगदान पुऱ्याउनु पर्ने।

(२७) समुदायमा वर्षैभरि मनाइने पाबैनतिहार (चाडपर्व), पूजापाठ वा पूजा-आराधनाको लागि टोलवासी, गाउँवासी, वडावासी, नगरवासी, धार्मिक गुरु, धर्मगुरु, पण्डित, पुरहित, पुरोहित, वडा, नगरपालिका आदि सबैको परामर्श, सरसल्लाह र सहयोग लिएर सामूहिक र सांस्कृतिक कार्यहरू गर्नु-गराउनु पर्ने।

(२८) प्रचलित परम्परा र संस्कार मुताबिक सामाजिक, सांस्कृतिक कामकाजहरू समयसापेक्ष सकारात्मक परिवर्तन गर्दै गर्नु-गराउनु पर्ने।

(२९) विवाह, मुरौन, मथमुरैंन, घरपूजा, मुण्डन, चूड़ाकर्म, व्रतवन्ध, सराद (श्राद्ध) तथा पाबैनतिहार (चाडपर्व), जस्ता जातीय सामुदायिक वा सामाजिक कार्यहरूमा सक्रिय रूपमा सहभागी भई जनशक्ति परिचालन गर्नु पर्ने ठाउँमा आवश्यकता अनुसार जनशक्ति परिचालन गर्नु पर्ने अथवा महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने।

(३०) बैठकी वा बैठक वा सभाको निर्णय बमोजिम नियमानुसार तिर्नु पर्ने निर्धारित शुल्क संकलन गरी सम्बन्धित फाँट वा निकायमा बुझाउनु पर्ने।

(३१) आफ्नो कार्यक्षेत्रको लागि सहकार्य, समन्वय, सम्पर्क र श्रोत व्यक्तिको रूपमा नेतृत्व गर्नु पर्ने।

(३२) विभिन्न निकायहरूसँग सम्पर्क, सहकार्य र समन्वय गर्नु पर्ने।

(३३) सामूहिक समस्याहरूको बारेमा सरकारलाई जानकारी गराई आवश्यक सहयोग माग गर्नु पर्ने र सहयोगको लागि सर-सल्लाह गर्नु पर्ने।

(३४) आवश्यकता अनुसार भौतिक, आर्थिक, प्राविधिक स्रोत, साधन, जनशक्ति व्यवस्थापन र परिचालनका लागि सम्बन्धित निकाय र व्यक्तिहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्नु पर्ने।

(३५) सरकारी तथा गैर-सरकारी निकाय र संघ-संस्थाहरूद्वारा आयोजित सभा, सम्मेलन, गोष्ठी, सेमिनार, तालिम, भ्रमण, बैठक आदिमा सहभागी हुनु पर्ने वा प्रतिनिधि, सहभागी छनौट गरी पठाउनु पर्ने।

(३६) समुदायको लागि प्राप्त अनुदानको सही सदुपयोग गर्नु पर्ने र उचित ढंगले वितरण गर्नु पर्ने।

(३७) सामुदायिक हित र विकासको लागि कोही व्यक्ति, समुदाय, निकाय वा संघ-संस्था आएमा स-सम्मान स्वागत गर्ने।

(३८) सहयोग, सद्भाव, भाइचारा, सहकार्य गरी अति आवश्यक जानकारी तथा तथ्याङ्क र सूचनाहरू सकेसम्म यथेष्ट मात्रामा, प्रचूर मात्रामा दिनु वा उपलब्ध गराउनु पर्ने र यस क्रममा स्वतन्त्र पूर्वसूचित सहमतिको प्रक्रिया (एफपीआइसी) Free, Prior and Informed Consent (FPIC) अवलम्बन गर्न लगाउनु पर्ने।

(३९) प्राकृतिक प्रकोप, दैवी प्रकोप वा विपद्बाट जोगिन विपद् व्यवस्थापनको पूर्व तयारी गर्नु-गराउनु पर्ने।

(४०) कृषि, गृह, पहिरन, शिक्षा, स्वास्थ्य, रोजगार, सरसफाई विषयक सूचनाहरू समयमै सर्वसाधारण सबैलाई जानकारी गराउनु पर्ने।

(४१) रूढिवादी कुसंस्कार, विकृति, विसङ्गति, बेथिति, अन्याय, अत्याचार, घरेलु हिंसा वा महिला हिंसा आदि न्यूनीकरण र अन्त्य गर्नका लागि त्यसको विरूद्ध सशक्तिकरण अभियान चलाउनु पर्ने।

(४२) बहुसांस्कृतिक, बहुधार्मिक, बहुभाषिक, बहुजातियसाथै धर्मनिरपेक्ष राष्ट्र भएकोले सबैको लागि स्वतन्त्रता, समानता, भाइचारा र सद्भाव कायम गर्दै जानु पर्ने ।

(४३) आफ्नो कार्यक्षेत्रभित्रको टोल, गाउँ, वडा, नगर सभाले गरेको निर्णयहरू कार्यान्वयन गर्नु-गराउनु पर्ने ।

(४४) नेपाल सरकारको संघीय, प्रादेशिक, स्थानीय लगायतका सबै निकायहरू र राष्ट्रिय, अन्तरराष्ट्रिय, सरकारी, गैर-सरकारी निकाय वा संघ-संस्थाहरूले अभियान, कार्यक्रम वा परियोजना सञ्चालन गर्दा वा राहत वितरण गर्दा सम्बन्धित कार्यक्षेत्रको जेबारलाई जानकारी गराई जेबारसँग समन्वय, सहकार्य, छलफल, परामर्श र सर-सल्लाह गर्नु पर्ने र सम्बन्धित कार्यक्षेत्रको सभामार्फत् सार्वजनिक गराउनु पर्ने।

तर, अति आवश्यक परेको बेला आपतकालीन समयमा वा यथाशीघ्र सहयोग गर्नु पर्ने बेलामा यो ऐन, नियम लागू हुने छैन।

(४५) आगलागी भएको बेला सहयोग गर्न जेबार वा अन्य पक्षलाई सोधी राख्नु नपर्ने र तुरून्त सकेजति सहयोग गर्ने।

(४६) अभियान, कार्यक्रम वा परियोजना सञ्चालन गर्ने निकाय वा संघ-संस्थामार्फत् जानकारी भएपश्चात् आवश्यकता अनुसार माँइन्जनले पनि सतर्क, सचेत र सक्रिय भई

रूचिपूर्वक, सावधानीपूर्वक सहयोग र सहकार्य गर्नुकासाथै अति आवश्यक जनशक्ति व्यवस्थापन र परिचालन गर्नु पर्ने।

(४७) अति आवश्यक अन्य कार्यहरू गर्नु पर्ने।

**(ग) सहायक माँइन्जन**

(१) माँइन्जनलाई सहयोग गर्नु पर्ने र आफूलाई सुम्पेको जिम्मेवारी, कर्तव्य र उत्तरदायित्व बहन गर्नु पर्ने।

(२) माँइन्जनको अनुपस्थितिमा माँइन्जले गर्नु पर्ने कार्यहरू गर्नु पर्ने र माँइन्जनको सट्टा आफूले सार्वजनिक हितको लागि अगुवाई वा नेतृत्व गर्नु पर्ने।

(३) अति आवश्यक अन्य कार्यहरू गर्नु पर्ने।

**(घ) थानपति (जेठरैत वा जेठरइत), ग्रामथान प्रमुख, ग्रामदेव पूजैगरी वा ग्रामदेव पूजारी)**

(१) ग्रामथान, ग्राम देवीदेवता साथै गोररजा (गोरराजा) थान र अन्य आवश्यक देवीदेवताको पूजापाठ, पूजाआराधनाको लागि तोकिएको समयमा संस्कार अनुसार र समयसापेक्ष सकारात्मक परिवर्तन गर्दै आफ्नो क्षेत्रभित्रको टोलवासी, गाउँवासी र माँइन्जनलाई सुसूचित (जानकारी) गराउनु, भेला डाक्नु र आवश्यक सर-सल्लाह गरी कार्य सु-सम्पन्न गर्नु पर्ने।

(२) ग्रामथानमा हुने पूजाको प्रसाद समान रूपमा वितरण गर्ने व्यवस्था मिलाउनु पर्ने।

(३) ग्रामथान मर्मतसम्भार, पुनःनिर्माण र सुधारका लागि माँइन्जन, टोल, गाउँ, नगरवासीसँग सर-सल्लाह गरी नगरपालिका लगायत अन्य संघ-संस्थाहरूसँग अनुदान सहयोग माग गर्नु र सामुदायिक विकास निर्माण कार्यहरूमा रूचिपूर्वक सहभागी हुनु पर्ने।

(४) अति आवश्यक अन्य कार्यहरू गर्नु पर्ने।

**(ङ) लिखन्दार वा मँनसी वा मुँन्सी वा खाजाञ्ची**

(१) बैठकी, बैठक, सभा वा कचहरीको हाजिरी (उपस्थिति), छलफल, निष्कर्ष वा निर्णयहरू लेखी अभिलेख बनाई सुरक्षित राख्नु पर्ने।

(२) कार्यक्षेत्रभित्रका सम्बन्धित व्यक्तिहरूका साथै सञ्चारकर्मीहरूले हेर्न चाहेको बेला हेर्न दिनु पर्ने र सूचनाको हकअधिकारको पालना गर्नु पर्ने।

(३) माँइन्जन समितिको चल-अचल सम्पत्तिहरूको विवरण, आय-व्ययको विवरण बिल, भर्पाईसहित अभिलेख बनाई राख्नु पर्ने।

(४) चल-अचल सम्पत्तिहरूको रेखदेख, हेरचाह वा संरक्षण गर्नु पर्ने।

(५) बैठकी, बैठक, सभा वा कचहरी आदिको छलफलमा सहजीकरण गर्नु पर्ने वा सहजकर्ता वा मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नु पर्ने।

(६) वार्षिक प्रतिवेदन तयार गरी सभामा पेश (प्रस्तुत) गर्नु पर्ने र विभिन्न निकाय वा संघ-संस्थालाई पत्राचार गर्नुका साथै आफ्नो कार्यक्षेत्र भित्रका बासिन्दाहरूलाई सु-सूचित गराउनु वा सूचना प्रदान (प्रवाह) गर्नु पर्ने।

(७) अति आवश्यक अन्य कार्यहरू गर्नु पर्ने।

**(च) गोराइत**

(१) जेबार, माँइन्जन र थानपतिले अह्राएको सामुदायिक हितका कार्यहरू गर्नु पर्ने।

(२) बैठकी, बैठक, सभा वा कचहरी बस्ने मिति, समय र स्थान बारे घर-घरमा गई जानकारी गराउनु पर्ने।

(३) आफ्नो कार्यक्षेत्रभित्रको प्राप्त सूचनाहरू सम्बन्धित विषयको पदाधिकारीहरू जेबार, माँइन्जन वा थानपतिलाई जानकारी गराउनु पर्ने।

(४) अन्य आवश्यक कार्यहरू गर्नु पर्ने।

**(छ) रखबैरीया (पहरदार, पहरेदार, चौकीदार, पाले, हेरालु, रक्षक वा सुरक्षा गार्ड)**

(१) जेबार, माँइन्जन र थानपतिले अह्राएको सामुदायिक हितका कार्यहरू गर्नु पर्ने।

(२) कर्तव्यनिष्ठ भएर इमान्दारीपूर्वक आफ्नो कार्यक्षेत्रमा सुरक्षाको जिम्मेवारी बहन गर्नु पर्ने र कार्यक्षेत्र भित्रका धनजनको सुरक्षा गर्नु पर्ने।

(३) दुःख, आपदविपद्मा परेको व्यक्ति र घरधुरीलाई सहयोग गर्नु पर्ने।

(४) अन्य आवश्यक कार्यहरू गर्नु पर्ने।

**(ज) धामी वा झाँक्री (धामीझाँक्री)**

(१) दीनदुःखीहरूको सेवा गर्नु पर्ने।

(२) लोक आस्था अनुसार लागूभागू भएको बेलामा, आपदविपद् र दुःखकष्ट परेको बेलामा साथै महामारी (रोग, सरूवा रोग) फैलिएको बेलामा चैठसार (धामीझाँक्री प्रशिक्षण केन्द्र) र गुरुबा, गुरुमाँबाट प्राप्त गुरुदीक्षा, बुद्धि र तन्त्रमन्त्र सदुपयोग गरी जनकल्याणको निम्ति सदैव तत्पर रहनु पर्ने।

(३) अन्य आवश्यक कार्यहरू गर्नु पर्ने।

**(झ) रजहैंन वा रजहैंन धामी वा झाँक्री वा रजहैंन धामीझाँक्री**

(१) दीनदुःखीहरूको सेवा गर्नु पर्ने ।

(२) लोक आस्था अनुसार लागूभागू भएको बेलामा, आपदविपद् र दुःखकष्ट परेको बेलामा साथै महामारी (रोग, सरूवा रोग) फैलिएको बेलामा चैठसार (धामीझाँक्री प्रशिक्षण केन्द्र) र गुरुबा, गुरुमाँबाट प्राप्त गुरुदीक्षा, बुद्धि र तन्त्रमन्त्र सदुपयोग गरी जनकल्याणको निम्ति सदैव तत्पर रहनु पर्ने ।

(३) अन्य आवश्यक कार्यहरू गर्नु पर्ने।

**(ञ) पण्डित वा पुरहित वा पुरोहित वा बाबहँन वा ब्राह्मण (ब्राम्हण)**

(१) आफ्नो स्वेच्छाले र आफ्नो बल, बुद्धि, विद्या, विवेक, सीप, योग्यता, दक्षता र कलाको सदुपयोग गरी आफ्ना जजवाँन (यजमान) लगायत टोल, गाउँ, नगरको हित, भलो वा कल्याण गर्नु पर्ने।

(२) सम्बन्धित समुदायको लोक विश्वास, परम्परागत संस्कृति र मान्यता अनुसार धर्मदान, दीक्षादान गर्नु पर्ने।

(३) नियमित रूपमा वैज्ञानिक, भौतिक, आध्यात्मिक चिन्तनमनन, अध्ययन, अध्यापन, खोजअनुसन्धान र अनुभव जारी राख्नु पर्ने।

(४) लोपोन्मुक लिपि, भाषा, भेषभूषा, साहित्य, ललित लोककला, संस्कृति संरक्षण, संवर्द्धन, जगेर्ना र प्रवर्द्धनमा योगदान पुऱ्याउनु पर्ने।

(५) लोक विश्वास र चाहना अनुसार समयसापेक्ष सकारात्मक परिवर्तनशील वा परिवर्तित ढंगले व्यक्तिगत, घरायसी (पारिवारिक), पारम्परिक, पारस्परिक वा सामूहिक रूपमा हुने विवाह, व्रतवन्ध (मुरौन, मथमुरैन, मुण्डन), व्रत, उद्यापन, पूजा, जन्मदिवस उत्सव वा पूजा, भगवान पूजाअर्चना र मन्त्रोचारण पूर्वाग्रही नभई स्वतन्त्रता, समानता, भाइचारा, सहयोग र सद्भावको भावना हृदयमा राखेर सु-सम्पन्न गर्नु-गराउनु पर्ने।

(६) वास्तुशास्त्र सम्बन्धी परामर्श लिन आउने जोसुकैलाई पनि आफूले जानेसम्म सही र उचित परामर्श वा सल्लाह दिनु पर्ने।

(७) नैतिक आचरण वा चरित्र वा आचारसंहिता वा कठिन व्रत पालन गर्नु पर्ने।

(८) जुनसुकै ठाउँको, जहाँसुकैको सेवाग्राही आए पनि फुर्सद भएको बेला निराश नपारी सन्तुष्ट पारेर पठाउनु पर्ने वा तिथिमिति किटान (निश्चित) गरी समय दिनु पर्ने।

(९) कसैले नअह्राईकन पूर्वाग्रही नभई स्वतन्त्रता, समानता, भाइचारा, सहयोग र सद्भावको भावना हृदयमा राखेर आफ्नै स्वेच्छाले दीनदु:खीहरूको सेवा गर्न इच्छुक, तत्पर र कृयाशील रहनु पर्ने।

(१०) यथास्थितिवादी नभई यजमान, व्यक्ति, टोल, गाउँ, समाज, देश र संसारलाई सुमार्ग असल बाटो, वैज्ञानिक, प्रगतिशील पथ वा समयसापेक्ष माग अनुसारको सकारात्मक परिवर्तनशील वा परिवर्तित संस्कृति र संस्कारतिर डोऱ्याउन (लम्काउन) सक्नु पर्ने।

(११) सामाजिक सद्भाव, सहिष्णुता, भाइचारा र एकता कायम गराउनु पर्ने।

(१२) सत्मार्गदर्शकको भूमिका निर्वाह गर्न सक्नु पर्ने।

(१३) व्यक्ति, गाउँसमाज र संसारमा व्याप्त अन्धविश्वास, रूढिवाद र जातिवादलाई चिर्न सक्नु पर्ने र यसलाई न्यूनीकरण गर्दै यसको अन्त्य गर्नु पर्ने।

(१४) वैज्ञानिक, प्रगतिशील चिन्तन, दर्शन र विचारको प्रचार-प्रसार गर्नु पर्ने।

(१५) स्वतन्त्र, सुसभ्य, समृद्ध र शान्तिपूर्ण समाज निर्माणमा महत्वपूर्ण तथा उल्लेखनीय योगदान पुऱ्याउनु पर्ने।

(१६) विभिन्न समस्याहरू बारे स्थानीय तह र सहयोगी संघ-संस्थाहरूलाई जानकारी गराई अति आवश्यक सहयोग र अनुदानको लागि अनुरोध गर्नु पर्ने।

(१७) सम्पर्क, सर-सल्लाह, परामर्श, सहकार्य र समन्वय गर्नु पर्ने।

(१८) अति आवश्यक परेको बेलामा भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र प्राविधिक श्रोतसाधन, जनशक्ति व्यवस्थापन र परिचालनका लागि सम्बन्धित निकाय र तिनका पदाधिकारीहरूसँग सम्पर्क, सर-सल्लाह, परामर्श, सहकार्य र समन्वय गर्नु पर्ने।

(१९) राष्ट्रिय, अन्तरराष्ट्रिय, सरकारी, गैर-सरकारी निकाय वा संघ-संस्थाद्वारा आयोजित गोष्ठी, सभा, सेमिनार, सम्मेलन, बैठक, भ्रमण, प्रशिक्षण, तालिम आदिमा भाग लिनु पर्ने वा सहभागी हुने प्रतिनिधि पठाउनु पर्ने।

(२०) पूर्वाग्रही नभई प्राप्त अनुदान सहयोग वा राहत वा कार्यक्रमको सदुपयोग गरी न्यायोचित विधिले सञ्चालन र बाँड्फाँड गर्नु पर्ने।

(२१) व्यक्ति, पटी, समाज, टोल, गाउँ, वडा, नगर र जगतको हितको लागि कुनै राष्ट्रिय, अन्तरराष्ट्रिय व्यक्ति वा निकायमा सही भावना, चाहना आएमा अन्तरहृदयदेखि स्वागत गर्नुका साथै आवश्यक सहयोग र सूचना आदान-प्रदान गर्नु पर्ने।

(२२) सामाजिक, सांस्कृतिक कुसंस्कार, कुरीति, विकृति, बेथिति, अन्याय, अत्याचार विरूद्ध जनशक्ति सशक्तिकरण गरी अभियान सञ्चालन गर्नु पर्ने र जनपरिचालन गर्नु पर्ने।

(२३) समानता, स्वतन्त्रता, भाइचारा, सद्भाव, सामाजिक न्यायको अभ्यास गराउँदै सामाजिक, सांस्कृतिक, धार्मिक सहिष्णुता र एकता कायम गराउन सदैव तत्पर रहनु पर्ने।

(२४) अति आवश्यक अन्य कार्यहरू गर्नु पर्ने।

**(ट) घरधुरी प्रतिनिधि**

(१) सभा, छलफल वा कचहरीमा उपस्थित भई आफ्नो स्वेच्छाले कसैको करचाप वा करकाप, दबाब, शोषण, दमनमा नपरी आफ्नो बल, बुद्धि, विद्या, सीप, योग्यता, दक्षता र कलाको सदुपयोग गरी आफ्नो सही राय, सल्लाह-सुझाव, परामर्श र विचार प्रस्तुत गर्नु पर्ने।

(२) सम्बन्धित क्षेत्रको बैठकी वा सभामा आफ्नो स्वेच्छाले कसैको करकाप, शोषण, दमन र लोभलालचमा नपरीकन मतदान गर्नु पर्ने वा आफ्नो मत दिनु पर्ने।

(३) जेबार र माँइन्जनले दिएको सार्वजनिक, सामुदायिक वा समाज कल्याणको उत्तरदायित्व, काम, कर्तव्य र जिम्मेवारी वहन गर्नु पर्ने।

(४) सभाको निर्णय बमोजिम माँइन्जन, जेबार वा सभाले तोकेको अरू कसैको नेतृत्वमा हुने सामुदायिक विकास निर्माणमा आफूले गर्नु पर्ने श्रमदान, सीपदान, जिन्सीदान र नगददान गर्नु पर्ने।

(५) आफूले तिर्नु पर्ने सदस्यता शुल्क वा वार्षिक शुल्क, नवीकरण शुल्क तोकिएको समयअवधिभित्रै बुझाउनु पर्ने।

(६) पटी वा टोलमा भएका समस्याहरू बारे सभामा जानकारी गराउनु पर्ने र आवश्यक छलफल, निष्कर्ष वा निर्णय गर्नु-गराउनु पर्ने।

(७) माँइन्जन, जेबार वा सभाले तोकेको सामुदायिक हित वा जनकल्याण सम्बन्धी कार्यहरू गर्नु पर्ने।

(८) सम्बन्धित समुदायको लोक विश्वास, परम्परागत संस्कृति र मूल्य-मान्यता अनुरूप समयसापेक्ष सकारात्मक सोचविचार र भावना राखी लोपोन्मुख लिपि, भाषा, भेषभूषा, साहित्य, ललित लोककला, संस्कृति संरक्षण, संवर्द्धन, जगेर्ना र प्रवर्द्धनमा योगदान पुऱ्याउनु पर्ने।

(९) समयसापेक्ष सकारात्मक परिवर्तन गर्दै, वैज्ञानिक चिन्तनमनन गर्दै प्रगतिशील पथमा लम्किनु पर्ने।

(१०) कुरीति, विकृति, बेथिति, कुसंस्कार, अन्याय, अत्याचार, शोषणदमन, दाबनचापन विरूद्ध एकजुट भई त्यसको प्रतिकारमा लाग्नु पर्ने र यी सबै कुराहरूको न्यूनीकरण गर्दै निर्मूल वा अन्त्य गर्नुका साथै सबैखाले भेदभाव हटाउनु पर्ने।

(११) अन्य आवश्यक कार्यहरू गर्नु पर्नेछ।

## परिच्छेद-६
## आचारसंहिता वा पदीय मर्यादा र आचरण सम्बन्धी व्यवस्था

**३२. पदीय आचारसंहिता वा मर्यादा र आचरणः**

जेबार, माँइन्जन र यस प्रणाली वा पद्धति अन्तर्गतका प्रथाजनित पदाधिकारी तथा सदस्यहरूले देहाय बमोजिमको आचारसंहिताको पालना गर्नु-गराउनु पर्नेछः

(क) जेबार, माँइन्जन र यस प्रणाली वा पद्धति अन्तर्गतका प्रथाजनित पदाधिकारी तथा सदस्यहरूले समाज कल्याण, जनकल्याण वा सामुदायिक हकहित संरक्षण, संवर्द्धन, प्रवर्द्धन एवम् सशक्तिकरणको लागि स्वतन्त्र, निष्पक्ष र उत्तरदायी भई सक्रिय रूपमा आफ्नो पदीय दायित्व र जिम्मेवारी वहन गर्नु पर्नेछ।

(ख) समुदायमा स्वतन्त्रता, समानता, भाइचारा, सद्भाव र सहिष्णुता कायम गर्न-गराउन सदैव तत्पर रहनु पर्नेछ।

(ग) कुनै पनि समुदायको धर्म, संस्कृति, संस्कारलाई अवहेलना गर्नु हुँदैन।

(घ) बुद्ध दर्शनमा आधारित अहिंसात्मक जीवनशैली वा जीवन पद्धतिलाई अवश्य महत्व दिनु पर्नेछ।

(ङ) सबै किसिमका भेदभावहरूको अन्त्यका लागि निरन्तर प्रतिवद्ध रहनु पर्नेछ।

## परिच्छेद-७
## सामुदायिक विकासमा जेबार, माँइन्जनको प्रतिनिधित्व र सहभागिता

३३. **प्रतिनिधित्व र सहभागीताः**

स्थानीय तह लगायतका निकाय र संघ-संस्थाहरूले आयोजना गर्ने बैठक, भेला, गोष्ठी, तालिम, योजना तर्जुमा प्रक्रिया लगायतका कार्यक्रमहरूमा जेबार र वडा एवं नगर माँइन्जनहरूले थारु समुदायको प्रतिनिधित्व गरी सहभागी गर्दा, गराउँदा देहायका कुराहरूमा ध्यान दिनु पर्नेछः

(क) नगरपालिकाले योजना तर्जुमा, छनौट र कार्यान्वयनमा थारु समुदायको प्रतिनिधित्व र सहभागिता गराउँदा टोल वा गाउँका जेबार र वडा तथा नगर स्तरीय माँइन्जनसँग सम्पर्क, परामर्श, सर-सल्लाह, छलफल, समन्वय र सहकार्य गर्नु पर्नेछ।

(ख) नगरपालिका लगायतका निकाय र संघ-संस्थाले जेबार, माँइन्जनका गाउँ र वडा तथा नगर बैठकी वा सभाबाट प्राथमिकताको आधारमा छनौट र पारित भई आएका योजनाहरू प्राथमिकताको आधारमा स्वीकृत गरी जेबार र माँइन्जन समितिहरूलाई स्रोत, साधन उपलब्ध गराउनु पर्नेछ।

(ग) योजना तर्जुमा र छनौट कार्यमा जनप्रतिनिधि र स्थानीय तहका कर्मचारीहरूले पटि, टोल वा गाउँका जेबार र वडा तथा नगर स्तरीय माँइन्जनलाई सहयोग र सहजीकरण गर्नु पर्नेछ।

(घ) छनौट र स्वीकृत भएका योजना वा परियोजनाहरू स्थानीय जनप्रतिनिधिको समन्वयमा जेबार र माँइन्जन समितिमार्फत् कार्यान्वयन गर्नु पर्नेछ।

(ङ) सामाजिक क्रियाकलापहरू र विपद् व्यवस्थापन साथै समुदायमा हुने अन्य सामुदायिक विकासका कार्यहरूमा जेबार, माँइन्जनसँग समन्वय र सहकार्य गर्नु पर्नेछ।

(च) नगरपालिकाबाट सम्पन्न कार्यहरू वा जेबार, माँइन्जनमार्फत् सम्पन्न गरिएका क्रियाकलापहरूको अनुगमन र मूल्याङ्कन गर्दा जेबार र माँइन्जनलाई समेत सहभागी गराइनेछ।

(छ) नगरपालिकाको न्यायिक समिति वा वडा स्तरका मेलमिलाप केन्द्रहरूले विवाद समाधानका क्रममा जेबार, माँइन्जनसँग समेत समन्वय र सहकार्य गरी विवाद समाधान गर्न सक्नेछन्, गर्नेछन्।

(ज) नगरपालिकाको न्यायिक समिति वा वडा स्तरका मेलमिलाप केन्द्रहरूले थारु समुदायमा भएका विवादहरू समाधानका लागि वडा तथा नगर माँइन्जनसमक्ष पठाउन सक्नेछन् र यस्ता विवादहरू वडा तथा नगर माँइन्जनले थारु समुदायको प्रथाजनित अभ्यासका आधारमा समाधान गर्न सक्नेछन् ।

## परिच्छेद-८
## जेबार, माँइन्जन समितिको आर्थिक श्रोत व्यवस्थापन

३४. **आर्थिक श्रोतः**

जेबार, माँइन्जन समितिको आर्थिक श्रोत देहाय बमोजिम हुनेछन्:

(क) सदस्यता शुल्क र वार्षिक नविकरण शुल्क जेबारले थारु घरधुरीबाट शुरूमा ५० रुपैयाँ सदस्यता शुल्क र प्रत्येक वर्ष २५ रुपैयाँ सदस्यता नवीकरण शुल्क संकलन गरी उक्त शुल्क मध्ये २५% (प्रतिशत) आफ्नो पटी वा टोलका लागि राखी बाँकी रकम मध्ये २५% (प्रतिशत) वडा माँइन्जन समितिमा र ५०% (प्रतिशत) नगर माँइन्जन समितिमा पठाउनु पर्नेछ।

(ख) वडा माँइन्जन समिति र नगर माँइन्जन समितिमा देहायका स्रोतहरूबाट आर्थिक स्रोत जम्मा गर्न सकिनेछः

(१) स्थानीय सरकार, प्रादेशिक वा प्रदेश सरकार र नेपाल सरकारबाट प्राप्त अनुदान सहयोग रकम।

(२) राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ-संस्थाबाट प्राप्त अनुदान सहयोग।

(३) बैठक वा सभाको निर्णय बमोजिम विभिन्न सामुदायिक विकास निर्माण वा अन्य कार्यहरूमा गर्नु पर्ने श्रमदान गर्न कुनै घरधुरी असमर्थ भएमा उक्त घरधुरीबाट सो बापत प्राप्त रकम।

(४) आचारसंहिता उल्लंघन गरे बापत दण्ड जरिवानाबाट प्राप्त रकम।

(५) सामुदायिक विकास वा अन्य विभिन्न कार्यको लागि समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापन गर्ने समूहबाट प्राप्त अनुदान सहयोग।

(६) सामूहिक उत्पादनबाट प्राप्त हुने आय।

(७) विभिन्न सामाजिक, शैक्षिक, सांस्कृतिक कार्यक्रम, धार्मिक सत्संग, प्रवचन, खेलकूद् आदि आयोजना गरे बापत प्राप्त नगद वा जिन्सी वा चल-अचल सम्पत्ति।

(८) संघ-संस्थाले संस्थागत रूपमा तथा व्यक्तिगत रूपमा व्यक्तिले दिएको सहयोग।

३५. **बैङ्क खाता सञ्चालन र खर्च गर्ने विधिः**

जेबार र माँइन्जन समितिले विभिन्न श्रोतहरूबाट प्राप्त गरेको आय रकम सदुपयोग गर्न देहाय बमोजिम प्रवन्ध गर्नु पर्नेछः

(क) सम्बन्धित सभा वा बैठकको निर्णय अनुसार नजिकको पायक पर्ने वित्तीय संस्था वा बैङ्कमा खाता खोली सबै रकम जम्मा गर्नु पर्नेछ।

(ख) सम्बन्धित जेबार वा माँइन्जन र लिखन्दार वा मँनसी/मुँन्सी/खाजाञ्चीको संयुक्त दस्तखतबाट बैङ्क खाता सञ्चालन हुनेछ।

(ग) बैंक खातामा जम्मा भएको रकम यस ऐन बमोजिमका कार्यका साथै गाँउ बैठकी, वडा बैठकी र नगर बैठकीबाट पारित वार्षिक योजनमा समावेश भएका क्रियाकलापहरूमा खर्च गर्नु पर्नेछ।

(घ) जेबार र माँइन्जन समितिहरूले कूल आम्दानीको बढीमा १०% (प्रतिशत) रकम मात्र प्रशासनिक कार्यमा खर्च गर्न पाउने छन्।

(ङ) दैनिक कार्य सञ्चालनका लगि वडा माँइन्जन समिति र नगर माँइन्जन समितिले निर्णय गरी बढीमा रु. पाँच हजारसम्मको सानो नगदी कोष राख्न सकिनेछ।

(च) वार्षिक आय-व्ययको लेखाजोखा, बिल, भर्पाई, भौचर आदि सबै कागजातको अभिलेख वा आर्थिक प्रगति विवरण बनाई राख्नु पर्नेछ।

(छ) उक्त अभिलेख वा आर्थिक प्रगति विवरण सम्बन्धित सभामा पेश र सार्वजनिक गरी अनुमोदन गराउनु पर्नेछ।

(ज) वडा माँइन्जन समिति र नगर माँइन्जन समितिले आय-ब्ययको वार्षिक लेखा-परीक्षण गराउनु पर्नेछ।

३६. **सम्पत्ति अभिलेखीकरण :** वडा माँइन्जन समिति र नगर माँइन्जन समितिले आफ्नो कार्यक्षेत्रभित्रको सार्वजनिक वित्त वा सम्पत्तिको अभिलेखीकरण गरी सुरक्षित राखी वार्षिक रूपमा अद्यावधिक गरी सम्बन्धित सभामा पेश गरी सार्वजनिक गर्नु पर्नेछ।

## परिच्छेद-९
## विविध

३७. **अधिकार प्रत्यायोजन गर्न सक्नेः**
नगरपालिकाले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार जेबार, वडा माँइन्जन वा नगर माँइन्जनलाई प्रत्यायोजन गर्न सक्नेछ।

३८. **पुरस्कृत गर्न सक्नेः**
जेबार, माँइन्जन पद्धति वा प्रणालीका विषयमा उल्लेखनीय कार्य गरी योगदान गर्दै आएका व्यक्ति, निकाय वा संघ-संस्थालाई नगर कार्यपालिका वा जेबार, माँइन्जनले आवश्यक मापदण्ड बनाई पुरस्कृत गर्नेछ।

३९. **नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, आचारसंहिता बनाई लागू गर्न सक्नेः**
यो ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मापदण्ड तर्जुमा गरी लागू गर्न सक्नेछ।

४०. **बाधा, अड्काउ फुकाउने अधिकारः**

यस ऐनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ आईपरेमा सो फुकाउने अधिकार जेबार, माँइन्जन समिति तथा नगरपालिकामा रहनेछ।

४१. **बचाउ तथा खारेजी र बाझिएमा गर्ने :**

(१) यो ऐन लागू हुनुभन्दा पहिला छनौट वा गठन भएका जेबार, माँइन्जन पद वा समितिहरू यसै ऐन बमोजिम गठन भएको मानिनेछ।

(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरू संघीय तथा प्रदेश कानुनमा गरिएका व्यवस्थाहरूसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरू निष्कृय रहनेछन्।

**अनुसूची-१**

दफा १२ सँग सम्बन्धित

जेबार, माँइन्जन पद्धति/प्रणालीका पदाधिकारीलाई प्रदान गरिने प्रमाण-पत्रको ढाँचा

कार्यालयको छाप वा लोगो

**ससकोशी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**तुलसी चोक, ससरी,**

**मधेश प्रदेश, नेपाल**

**प्रमाण-पत्र**

ससकोशी नगरपालिकाको **जेबार, माँइन्जन ऐन-२०८२** बमोजिम ससकोशी नगरपालिका, वडा नं. ..............., .................................. गाउँमा सम्पन्न भएको जेबार, माँईन्जनको पटि (समाज)/गाउँ/वडा/नगर बैठकी वा सभाबाट ........................ पदमा निर्विरोध निर्वाचित हुनु भएकोले तपाईँ श्री .................................................... लाई हार्दिक बधाई सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

जेबार, माँइन्जन ऐन-२०८२ बमोजिम आफ्नो समुदायको हकहित र कल्याणको लागि इमान्दारी र सक्रियतापूर्वक क्रियाशील भई आफ्नो जिम्मेवारी निर्वाह गर्नुहुनेछ भन्ने अपेक्षा गर्दछु।

| | | |
|---|---|---|
| ................................ | ................................ | ................................ |
| प्रमुख प्रशासकीय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |

**अनुसूची-२**

दफा १२ सँग सम्बन्धित

जेबार, माँइन्जन, पद्धति/प्रणालीका पदाधिकारीलाई प्रदान गरिने परिचय-पत्रको ढाँचा

कार्यालयको छाप वा लोगो

पासपोर्ट साइजको हालको तस्वीर

**सप्तकोशी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तुलसी चोक, सप्तरी,**
**मधेश प्रदेश, नेपाल**

**परिचय-पत्र**

नाम :
पद :
ठेगाना :
जन्म मिति :
नाप्रनं./रापनं. :
सम्पर्क नम्बर :
जारी मिति :

................................
प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत